जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक १०३ • २०८१ साल भाद्र १४ गते शुक्रबार (30 August, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

### जउवासंघमा अध्यक्षमा तीन उम्मेदवार हुने

# विभिन्न पदका लागि ४४ जनाद्वारा मनोनयन पत्र खरिद

**टुडे समाचारदाता**

जनकपुरधाम । अत्यन्तै महँगो निर्वाचन हुने जनकपुरधाम उद्योग वाणिज्य संघमा १५ पदका लागि ४४ जनाले उम्मेदवारी दिने भएका छन् ।

जनकपुरधाम उद्योग वाणिज्य संघमा कुल ४ हजार ७६ मतदाता रहेका छन् । भदौं २९ गते मतदानको तिथि निर्धारण गरिएको छ । शुक्रवार उम्मदेवारहरुले मनोनयन पत्र दाखिला गर्ने छन् । त्यसका लागि बिहीबार मनोनयन पत्र खरिद गरेकाहरुले मात्र उम्मेदवारी दिन पाउने छन् ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अधिकृत मनोज कुमार महासेठले जनाए अनुसार अध्यक्ष पदका लागि ३ जनाले मनोनयन पत्र खरिद गरेका छन् । मनिष कुमार साह, जितेन्द्र प्रसाद साह र सुरेन्द्र भण्डारीले अध्यक्षमा उम्मेदवारी दिने भएका छन् ।

मनिष वर्तमान वरिष्ठ उपाध्यक्ष, जितेन्द्र पूर्व वरिष्ठ उपाध्यक्ष र भण्डारी पूर्व उपाध्यक्ष हुन् । तीनै जनाले अध्यक्ष पदका लागि प्रतिष्पर्धा गर्ने भएका छन् ।

त्यसैगरी १ जना वरिष्ठ उपाध्यक्षका लागि मनोज कुमार साह, विकास कुमार चौधरी र अम्भु प्रसाद साहले उम्मेदवारी दिने भएका छन् । तीनैजनाले वरिष्ठ उपाध्यक्ष पदमा उम्मेदवारी दिन मनोनयन फार्म खरिद गरेका छन् । त्यसैगरि १ जना खुला उपाध्यक्षका लागि लक्ष्मण साह र विश्वनाथ साह सुडीले उम्मेदवारी दिने भएका छन् । खुला उपाध्यक्षमा सोझो प्रतिस्पर्धा हुने सम्भावना छ । तर महिलाका लागि आरक्षित १ उपाध्यक्षमा भने ३ जनाले उम्मेदवारी दिने भएका छन् । रिंकु साह, माया कुमारी र सरिता ठाकुरले उम्मेदवारी दिन फारम लगेको निर्वाचन समितिले जनाएको छ ।

तर १ जना महासचिवका लागि ४ जनाले उम्मेदवारी दिने तयारी गरेका छन् । हाल सचिव रहेका फुलदेव पण्डित, गणेश कुमार साह, अशोक कुमार चौधरी र सुधिर पजियारले उम्मेदवारी दिने भएका छन् । त्यसैगरि १ सचिव पदका लागिपनि ४ जनाले उम्मेदवारी दिने तयारी गरेका छन् । नरेन्द्र बिक्रम साह, राकेश पजियार, श्रवण कुमार साह र गोपी कुमार साहले उम्मेदवारी फारम लगेको बताइएको छ ।

जउवा संघको १ जना कोषाध्यक्षका लागि ४ जनाले उम्मेदवारी दिने तयारी गरेका छन् । संघले जनाए अनुसार रामचन्द्र पँजियार, मनोज कुमार शर्मा, राकेश कुमार साह र परमेश्वर साहले उम्मेदवारी दिने भएका छन् । परमेश्वर साह वर्तमान कोषाध्यक्ष हुन् ।

१ जना एसोसिएट सदस्य पदका लागि २ जना दीपक कुमार साह र अभिषेक कुमार चौधरीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

सर्वाधिक प्रतिष्पर्धा कार्यकारिणी समितिको सदस्य पदका लागि हुने भएको छ । ६ पदका लागि १७ जनाले उम्मेदवारी दिने भएका छन् । उम्मेदवारी दिने तयारी गर्नेहरुमा रमेश महतो, सन्तोष कुमार गामी, मणिशंकर प्रसाद साह, दुर्गेश कुमार साह, दीपमणि साह, प्रवीण कुमार साह सोनार, सुरेन्द्र दास, धवेन्द्र साह, गौरीशंकर साह, निरज कुमार साह, रामजिवन साह, राकेश कुमार साह, जिवछ साह, बलराम कुमार साह, ध्रुव कुमार साह, सुनिल दास कथवनिया र दिलिप कुमार साह रहेका छन् ।

### मुर्गा व्यवसायीको भाउ कडा

जउवा संघको संस्थागत सदस्यहरु मध्ये १ जना सदस्य चुनिन्छ । संघमा जनकपुर कपडा तथा रेडिमेड व्यवसायी संघ, जनकपुर सुन चाँदी व्यवसायी संघ र कुखुरा व्यवसायी संघ सदस्य रहेका छन् । त्यसमध्ये कपडा र सुनचाँदी व्यवसायी संघले उम्मेदवारी दिएका लागि मुर्गा व्यवसायी संघको भाउ आकासिएको छ । मुर्गा व्यवसायीको मतले नै जित हार हुनेछ ।









# मध्यभोटेकोसीको प्रसारण लाइन निर्माणमा सहमति जुट्यो

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माणाधीन एक सय दुई मेगावाट क्षमताको मध्यभोटेकोसी जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माण अगाडि बढाउने सहमति भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दिपक खड्का, राज्यमन्त्री पूर्णबहादुर तामाङ, सिन्धुपाल्चोक क्षेत्र नं २ का सङ्घीय सांसद मोहनबहादुर बस्नेत, मन्त्रालयका सहसचिव सन्दीपकुमार देव, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, बाह्रबिसे नगरपालिका प्रमुख बालकृष्ण बस्नेत, वडाध्यक्ष, सहायक प्रमुख जिल्ला अधिकारी, उद्योग वाणिज्य सङ्घका अध्यक्ष र आयोजनाबीच बुधबार भएको छलफलमा उक्त सहमति जुटेको हो।

बाह्रबिसे नगरपालिका-५ स्थिति आयोजनाको विद्युत् गृहको स्वीचयार्डबाट बाह्रबिसे-३ स्थित प्राधिकरणको बाह्रबिसे सबस्टेसन जोड्ने करिब चार किलो मिटर प्रसारण लाइनमध्ये दुई किलोमिटर लाइन निर्माणमा १४ महिनादेखि स्थानीय बासिन्दाको अवरोध थियो ।कूल दुई सय २० केभी सिङ्गल सर्किट प्रसारण लाइनका लागि १३ वटा टावर निर्माण गरिएको थियो । बाह्रबिसे-३ र ४ स्थित पलाँतीका स्थानीयको अवरोधका कारण आयो जनाले दुई किमी तार तान्न सकिरहेको थिएन । उक्त क्षेत्रमा पर्ने प्रसारण लाइनको मार्गाधिकार (राइट अफ वे)मा एक सय २४ जना जग्गाधनीको जग्गा पर्दछ।

छलफलमा आयोजनाले संस्थापक सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गत नगरपालिकामार्फत बाह्रबिसे नगर अस्पताललाई आर्थिक सहयोग उपलब्ध गराउने सहमति भएको छ । आयोजनाको प्रभावित क्षेत्रअन्तर्गत बाह्रबिसे-३ र ४ वडालाई पनि समावेश गराई अन्य प्रभावित क्षेत्रलाई जस्तै विकास निर्माणका लागि



सहायता उपलब्ध गराउने, प्रसारण लाइनको मार्गाधिकार पर्ने जग्गा तथा संरचनाको उचित क्षतिपूर्ति उपलब्ध गराउने र प्रसारण लाइनको बाँकी रहेको निर्माण तत्काल सुरु गर्ने सहमति जुटेको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्काले जानकारी दिनुभयो।

मन्त्री खड्काले निर्माण सम्पन्न भइसकेको मध्यभोटेकोसी जलविद्युत्

> **कार्यकारी निर्देशक घिसिङका अनुसार सोही प्रसारण लाइनबाट मध्यभोटे कोसीको विद्युत् लामोसाँघु सबस्टेसन हुँदै राष्ट्रिय प्रणालीमा समाहित गरिनेछ**

आयोजनाको विद्युत् प्रणालीमा समाहित गर्नका लागि प्रसारण लाइन निर्माणमा जारी अवरोध खुलाउन महत्वपूर्ण सहमति भएको बताउनुभयो। उहाँले भएका सहमति सबै पक्षले इमान्दारीपूर्वक कार्यान्वयन गरी आयोजना निर्माणमा रहेका बाँकी काम एक महिनाभित्र सम्पन्न गर्न निर्देशन दिनुभयो।

सहमतिबमोजिम तत्काल निर्माण सुरु हुने जानकारी दिँदै ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री तामाङले निर्माणको मन्त्रालय र सरोकार भएका निकायले नियमित अनुगमन गर्ने बताउनुभयो। सांसद बस्नेतले विगतमा आयोजनालाई अगाडि बढाउन आफूले ठूलो जोखिम लिएको उल्लेख गर्दै हाल स्थानीयले उठाएका जायज मागलाई पूरा गराउन छलफल गरी सहमति जुटाइएको बताउनुभयो।

स्थानीयको अपनत्व हुने आयोजना निर्माण अगाडि बढाइएको उल्लेख गर्दै प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले प्रसारण लाइनका बाँकी काम सम्पन्न गरी आयोजनाबाट तत्काल विद्युत् उत्पादन सुरु गर्ने वातावरण बनाइदिन आग्रह गर्नुभयो । उहाँले आयोजनाको विद्युत् प्रवाहका लागि २२०/१३२ केभी सबस्टेसन निर्माण सम्पन्न भइसकेको जानकारी दिनुभयो।

मध्यभोटेकोसी जलविद्युत् आयो जनाबाट विद्युत् उत्पादन सुरु भएपछि सोही विद्युत् प्रयोग गरी बाह्रबिसे सबस्टेसनलाई चार्ज गरिनेछ । निर्माण सम्पन्न भएको मध्यभोटेकोशीबाट विद्युत् उत्पादन सुरु गर्न संरचना तथा उपकरणहरु परीक्षणका क्रममा पानी हाल्दा सुरुङ चुहिएको थियो हाल सुरुङको मर्मत र सुधार सकिएको छ। आयो जनाबाट असोजभित्र विद्युत् उत्पादन सुरु गर्ने लक्ष्यका साथ बाँकी कामहरु भइरहेका छन्।

मध्यभोटेकोसीको विद्युत् प्रवाहका लागि अस्थायी रूपमा वैकल्पिक व्यवस्था गरिएको कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो । उहाँका अनुसार दुई सय केभी प्रसारण लाइनबाट बाह्रबिसे सबस्टेसनमा पुगे को विद्युत्लाई सोही सबस्टेसनमार्फत एक सय ३२ केभीमा झारेर प्रवाह गरिनेछ । यसका लागि २२ मेगावाटको माथिल्लो चाकु 'ए' जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी शिवश्री हाइड्रोपावरले निर्माण गरेको एक सय ३२ केभी प्रसारण लाइनलाई बाह्रबिसे सबस्टेसनमा लैजाने काम कम्पनीले अहिले गरिरहेको छ।

कार्यकारी निर्देशक घिसिङका अनुसार सोही प्रसारण लाइनबाट मध्यभोटेकोसीको विद्युत् लामोसाँघु सबस्टेसन हुँदै राष्ट्रिय प्रणालीमा समाहित गरिनेछ । अस्थायी वैकल्पिक व्यवस्था खिम्ती-बाह्रबिसे वा बाह्रबिसे-काठमाडौं प्रसारण लाइन सम्पन्न नभएसम्म रहनेछ ।रासस

# प्रतिनिधिसभा: महँगी नियन्त्रण गर्नुपर्नेमा सांसदको सुझाव

काठमाण्डु । प्रतिनिधिसभामा सांसदहरुले चाडपर्वको मुखमा महँगी बढ्ने भन्दै समयमा महँगी नियन्त्रण गर्न योजना बनाएर कार्यान्वयन गर्नुपर्ने सुझाव दिनुभएको छ । विहिबारको बैठकमा सांसदहरुले चाडपर्व नजिकिएसँगै महँगी बढ्ने भन्दै बजार अनुगमन गर्न सरकारलाई सुझाव दिनुभएको हो।



बैठकको शून्य समयमा सांसद अच्युतप्रसाद मैनालीले दलित भूमिहीन सुकुम्वासीको मुहारमा खुसी आउन नसकेको बताउनुभयो । "मुलुकमा एक लाख ६० हजार भूमिहीन नागरिक छन्, भूमिहीन र अव्यवस्थित बसोबास गर्नेलाई जग्गा उपलब्ध गराउने कानुन बने पनि प्रभावकारी रुपमा कार्यन्वयन हुन सकेको छैन", उहाँले भन्नुभयो।

सांसद अञ्जली श्रेष्ठले महिला हिंसाको घटना दिनप्रतिदिन बढिरहेको भन्दै यसलाई न्यूनीकरण गर्नुपर्नेमा जोड दिनुभयो । सांसद अनिसा नेपालीले बजेट ढिला निकासा हुँदा तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्न नसकिने बताउनुभयो । सांसद अनितादेवीले किसानले उत्पादन गरेको वस्तुले बजार पाउन नसकेको भन्दै कृषिजन्य वस्तुको बजार सुनिश्चित र बीमाको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो।

सांसद अर्जुननरसिंह केसीले हवाई दुर्घटना रोक्नका लागि आवश्यक पहल थाल्नुपर्ने सुझाव दिनुभयो । सांसद अस्माकुमारी चौधरीले गुठी ऐन समयमा ल्याउनुपर्नेमा जोड दिनुभयो । सांसद ईश्वरबहादुर रिजालले नेपाली भूमिको संरक्षण हुनुपर्ने बताउनुभयो ।सांसद उदयशमशेर जबराले कान्ति लोकपथको चापागाउँ-सुनाकोठीको केही स्थानमा बाटो साघुँरो भएकाले गाडी आततजावत गर्दा जाम हुने समस्या रहेको भन्दै उक्त क्षेत्रका बासिन्दा क्षतिपूर्ति लिएर घर भत्काउन सहमत भएकाले मुआब्जा व्यवस्थापन गर्न सरकारलाई सुझाव दिनुभयो।

सांसद उर्मिला माझीले सत्ता पक्षले परिस्थितिलाई विद्यमान समस्या दीकालीन रुपमा समाधान गर्दै लैजानुपर्नेमा जोड दिनुभयो । सांसद ईश्वरी घर्तीले मुमुलका कतिपय स्थानमा हैजा फैलिरहेको भन्दै जनचेतनामार्फत हैजा व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो । सांसद एकनाथ ढकालले सार्क शिखर सम्मेलन गरी सार्कलाई सक्रिय बनाउन नेपालमा सम्मेलन आयोजना गर्न सरकारले पहल थाल्नुपर्ने बताउनुभयो।

सांसद कान्तिका सेजुवालले लैङ्गिक समनाताका लागि समसामयिक बहस गर्न जरुरी रहेको बताउनुभयो। सांसद कालुराम राईले सडकका खाल्टा पुर्न र सडक सुधार गर्न सरकारलाई सुझाव दिनुभयो । सांसद किरणकुमार साहले संविधान संशोधन गरी समयसापेक्ष बनाउँदै जानुपर्ने बताउनुभयो ।शून्य समयमा सांसद गणेश पराजुलीले महँगी व्यवस्थापन गरेर आपूर्ति व्यवस्थापनमा सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो । सांसद गोमालाल सापकोटाले वायु प्रदूषण नियन्त्रण गरी नागरिकको स्वस्थ रहने हक सुनिहि्चत गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद गङ्गा कार्कीले नजिकिँदै गरेको चाडपर्वमा बढ्दो बजार भाउ नियन्त्रण गर्नुपर्ने सुझाव दिनुभयो।

सांसद गङ्गाप्रसाद यादवले भ्रष्टचाार निन्त्रयण गरी सुशासन कायम गर्नुपर्नेमा जोड दिनुभयो। विहिबारको बैठकमा सांसद गङ्गाराम चौधरी, अम्मरबहादुर रायमाझी, डा चन्दा कार्की भण्डारी, डा चन्द्रकान्त भण्डारीले, चन्द्रबहादुर विश्वकर्मा, छिरिङ डम्डुल लामा (भोटे), छिरिङल्हामु लामा, जावेदा खातुन जागा र जुली कुमारी महतो (महासेठ) ले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।रासस

# तस्करीको मालसामान बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको जिराभवानी गाउँपालिका-१ स्थित एक स्थानीयको घरबाट तस्करीको मालसामान प्रहरीले बरामद गरेको छ।

स्थानीय सैफुल्लाह मियाँको घरबाट भन्सार छली चोरी पैठारी गरी ल्याइएका १ सय १८ बोरा सख्खर र ३० बोरा युरिया मल प्रहरीले बरामद गरेको छ।

भन्सार छली चोरी निकासी गर्न लागेको अवस्थामा वीरगन्ज महानगरपालिका-१६ दशगजाबाट कस्तुरी ब्रान्डको ९ कार्टुन र एम्विसन ब्रान्डको ३ कार्टुन मदिरा प्रहरीले बरामद गरिएको थियो।

बरामद भएका मालवस्तुहरू थप अनुसन्धान तथा कारबाहीका लागि बिहीबार वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको पर्सा प्रहरी प्रवक्ता डीएसपी सुवास भट्टले जनाए।



# लाखौंको पटका बरामद



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा ठूलो परिमाणमा पटाका बरामद गरेको छ। मलंगवा नगरपालिका-४ स्थित गणेशिया चौरको चिम्नि नजिकै २७ लाख ७७ हजार ५५२ रुपैयाँ बराबरको पटाका बरामद भएको सशस्त्र प्रहरी बल नम्बर १० गण हेडक्वाटर सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक विनोदराज खनालले जानकारी दिए।

सो गणबाट खटिएको टोलीले दुई कोठे टिनको कच्चि टहरामा शंका लागि चेकजाँच गर्दा बेवारिसे अवस्थामा रहेको पटाका बरामद गरेको र थप अनुसन्धानसहित आवश्यक कारबाही प्रक्रिया जारी रहेको सशस्त्र प्रहरीले जनाएको छ।

आउँदै गरेको दीपावली, तिहार र छठ पर्वमा आतिसवाजीको रुपमा प्रयोग हुने पटाकाजन्य सामग्री भारतमा निर्वाध प्रयोग गने गरेको पाइन्छ।

खुला सिमानाकाका कारण नेपालमा भारतबाट तस्करीमार्फत हरेक वर्ष चाडवाडको समयमा ठूलो मात्रामा पटाकाजन्य सामग्री भित्रिने गर्दछ । चाडवाडकै बेला भित्र्याउँदा सुरक्षा सजगता हुनेहुँदा तस्कर गिरोहले समयमै भारतबाट भित्र्याएर काठमाण्डुसहित मुलुकका प्रमुख शहरहरुमा पठाउनका लागि उक्त पटाका गोदाम गरेको अनुमान गरिएको छ।

# जापानले ४२ करोड बराबरको छात्रवृत्ति अनुदान उपलब्ध गराउने

काठमाण्डु । जापान सरकारले मानव संसाधन विकास छात्रवृत्ति (जेडिएस) परियोजनाअन्तर्गत नेपाल सरकारलाई करिब रु ४२ करोड ३० लाख (४५ करोड ४० लाख जापानी येन) बराबरको अनुदान सहायता उपलब्ध गराउने भएको छ।



यससम्बन्धी सम्झौतापत्रमा नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरे र जापान सरकारका तर्फबाट नेपालका लागि जापानी राजदूत किकुता युताकाले नोट आदानप्रदान पत्रमा हस्ताक्षर गर्नुभयो।

उक्त छात्रवृत्ति कार्यक्रमअन्तर्गत नेपाल सरकारका प्रतिस्पर्धी युवा अधिकृत कर्मचारीहरूले जापानका विभिन्न विश्वविद्यालयमा दुई वर्षको स्नातकोत्तर (मास्टर्स) तह तथा तीन वर्षको विद्यावारिधि (पीएचडी) तहमा अध्ययन गर्ने अवसर प्राप्त गर्नेछन् । सन् २०१६ देखि उपलब्ध हुँदै आएको उक्त छात्रवृत्ति कार्यक्रमअन्तर्गत यसअघि एक सय ६५ विद्यार्थीले उच्च शिक्षा हासिल गरेका छन्भने नयाँ सम्झौताअन्तर्गत थप २२ विद्यार्थीले अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्नेछन्।

हस्ताक्षर समारोहमा अर्थमन्त्रालयका सचिव डा घिमिरेले छात्रवृत्ति कार्यक्रमले नेपालको निजामती सेवाको क्षमता अभिवृद्धि गर्ने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रसेवक कर्मचारीले हासिल गरेको ज्ञान र सीपले सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउनाका साथै नेपालको सामाजिक-आर्थिक विकासमा योगदान पुर्‍याउने उल्लेख गर्दै उहाँले नेपाल र जापानबीचको द्विपक्षीय सम्बन्धलाई सुदृढ तुल्याउन योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो।

राजदूत युताकाले जेडिएस स्नातकहरूले नेपालको विकासमा महत्वपूर्ण प्रभाव पार्ने र दुई देशबीचको लामो समयदेखिको सहयोगात्मक सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गर्नुभयो । हस्ताक्षर समारोहमा अर्थ मन्त्रालयका अधिकारी, काठमाडौंस्थित जापानी राजदूतावास र जाइका नेपालका अधिकारीको पनि उपस्थिति थियो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : धन वृद्धि सञ्चय। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : भ्रमण अवसर हुने। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |


## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्जको घण्टाघरचोकमा यात्रुको प्रतिक्षामा बसेका टाँगाचालक राधेश्याम महतो । उहाँले विगत ३५ वर्षदेखि टाँगा चलाउँदै आउनुभएको छ । नेपाल-भारत सीमावर्ती बजारदेखि रक्सौलबजारसम्म टाँगाले सहज पहुँच पाउने भएकाले सर्वसाधारण टाँगा चढ्ने गर्छन् । अटोरिक्सा भने मितेरी पुलबाट भारततर्फ जान पाउँदैनन्। वीरगञ्जमा अझै पनि १०० भन्दा बढी टाँगा चल्ने र चालकले दैनिक रु एक हजार आम्दानी गर्ने उनीहरु बताउँछन् । *तस्बिरः रासस*

# जहिले पनि जित्छौँ भन्ने मनोबलका साथ लाग्नुस् : प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री के पी शर्मा ओलीले 'काभा वुमन्स भलिबल नेसन्स् लिग, २०२४' मा सहभागी राष्ट्रिय महिला भलिबल खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई पुरस्कृत गर्नुभएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा विहिबार आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले महिला भलिबल टोलीका कप्तान अरुणा शाहीसहित १४ खेलाडी, मुख्य प्रशिक्षक जगदीशप्रसाद भट्ट, सहायक प्रशिक्षक भरत यादव, व्यवस्थापक निलमसिंह बज्राचार्य र फिजियो लोकेन्द्र कुँवरलाई पुरस्कार वितरण गर्नुभएको हो । खेलाडीलाई जनही रु तीन लाख, मुख्य प्रशिक्षक भट्टलाई रु दुई लाख तथा सहायक प्रशिक्षक यादव, व्यवस्थापक बज्राचार्यलाई र फिजियो कुँवरलाई जनही रु एक लाख २० हजार राशिसहित पुरस्कार प्रदान गरिएको हो ।

गत साउन १७ गतेदेखि २३ गतेसम्म काठमाडौँमा भएको उक्त खेलमा नेपालले उत्कृष्ट प्रदर्शनसहित दोस्रो स्थान हासिल गरेको थियो । मन्त्रिपरिषद्को गत साउन ३१ गते बसेको बैठकले सहभागी खेलाडी, प्रशिक्षलगायतलाई गरी कूल रु ४७ लाख ६० हजार पुरस्कार दिने निर्णय गरेको थियो । यसअघि प्रधानमन्त्री ओलीले प्रधानमन्त्री निवास बालुवाटारमा यही भदौ २ गते सहभागी खेलाडी, प्रशिक्षकलगायतसँग भलिबल खेलको विकासका लागि छलफल गर्नुभएको थियो ।



प्रधानमन्त्री ओलीले महिला भलिबल खेलाडीले हालसम्म पाएको सफलताप्रति खुसी व्यक्त गर्दै आगामी दिनमा नयाँ कीर्तिमान कायम गर्ने गरी मेहनत गर्न आग्रह गर्नुभयो । "हाम्रा खेलाडी छोरीलाई थप सफलता र प्रगतिका लागि उत्साह मिलेको छ भन्ने मैले विश्वास लिएको छु", उहाँले भन्नुभयो, "यो पुरस्कारमा थप सफलताको शुभकामना जोडिएको छ । खेलाडीलाई निरन्तर अभ्यास र प्रेरणाको वातावरण तथा पूर्वाधारका लागि सरकारले सक्दो प्रयत्न गनेछ । तपाईँहरु जहाँ जाँदा पनि जित्छौँ भन्ने उच्च मनोबलका साथ अन्तिम समयसम्म लाग्नुस् ।"

आफ्नो पदबहालीका दिन कीर्तिपुर खेल मैदानलाई तीन सय दिनभित्र स्तरोन्नति गर्ने निर्णय गरेको स्मरण गर्दै प्रधानमन्त्री ओलीले त्यसको कार्यान्वयन गरिने अवगत गराउँदै दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको राम्रो तयारी गर्न सम्बन्धित निकायलाई आग्रह गर्नुभयो । उहाँले दशरथ रङ्गशालामा खेल हुँदा मैदान हिलाम्मे हुनु दुःखद् भएको र उक्त रङ्गशालालाई स्तरीयबाहेक अन्य खेलमा दुरुपयोग नगराउन सरोकारवालाको ध्यानाकर्षण गराउनुभयो।

कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले महिला भलिबल खेललाई आजको अवस्थामा ल्याउन योगदान दिनेहरुलाई धन्यवाद दिँदै सरकारले खेल क्षेत्रलाई उच्च प्राथमिकता दिन नीतिगत र व्यवहारिकरुपमा व्यवस्था हुनुपर्ने बताउनुभयो ।रासस

# वनमन्त्री ठकुरीसँग अमेरिकी राजदूत थम्प्सनको भेट

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीसँग नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत डिन आर थम्प्सनले शिष्टाचार भेट गर्नुभएको छ ।

मन्त्रालयमा विहिबार भएको भेटवार्ता नेपाल र अमेरिकाबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने सम्बन्धमा छलफल भएको मन्त्रालयले जनाएको छ । भेटमा मन्त्री ठकुरीले अमेरिकाको अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (युएसआइडी)ले विगत सात दशकदेखि नेपालको विकासको प्रमुख सहयोग रहँदै आएकामा राजदूतलाई धन्यवाद दिनुभएको थियो ।



मन्त्री शाहीले भन्नुभयो, "नेपालको आर्थिक सामाजिक वातावरणीय तथा शासकीय विकासमा अमेरिकी सरकारले खेलेको भूमिकाप्रति आभारी छु ।" नेपालका हालैका दिनमा एमसिसीलगायत विभिन्न परियोजनामार्फत पूर्वाधार विकासमा अमेरिकी सरकारको महत्वपूर्ण सहयोग रहँदै आएको मन्त्री ठकुरीले बताउनुभयो ।

उहाँले नेपालमा शिक्षा क्षेत्रमा विकास, सार्वजनिक स्वास्थ्य सुधार कार्यक्रमका माध्यमबाट जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण वन तथा जैविक विविधता संरक्षण वन्यजन्तु संरक्षण भूकम्पपछिको पुनःनिर्माणलगायत विभिन्न क्षेत्रमा अमेरिकाको सहयोग रहेको बताउनुभयो ।सो अवासरमा राजदूत थम्प्सनले वन मन्त्रालयको आगामी कार्ययोजना तथा समस्या र समधानका उपायबारे जानकारी लिनुभएको थियो ।साथै उहाँले युएसआइडीमार्फत नेपालको पर्यटन उद्योगमा काम गर्ने चाहना रहेको र नेपाल सरकार जलवायु परिवर्तन क्षेत्रमा केन्द्रित रहँदा खुसी लागेको बताउनुभएको थियो ।रासस

# प्रतिनिधिसभा : सदनमा सत्तापक्ष र प्रतिपक्षको आरोप-प्रत्यारोप

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले संसद्को विपक्षी दल समग्र राज्य र प्रणालीको नभई सरकारको मात्र प्रतिपक्ष भएकाले त्यस अनुसारको भूमिका निर्वाह गर्न प्रमुख प्रतिपक्षसहितका दललाई सुझाव दिनुभएको छ ।

प्रतिनिधिसभाको विहिबारको बैठकको विशेष समयमा भाग लिँदै सांसद थापाले प्रमुख प्रतिपक्षलाई उत्तेजना र आवेगमा नभई संयमितरुपमा अभिव्यक्ति दिन र राजनीति गर्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "लोकतान्त्रिक प्रणालीमा यो व्यवस्थालाई सार्थक बनाउने हो भने प्रभावकारी प्रतिपक्ष अनिवार्य सर्त हो । सरकारले गरेका काम र दिएका अभिव्यक्तिको खण्डन गर्दा गालीका आधारमा नभई तर्कका आधारमा हुनुपर्छ ।"

विपक्षी दलले जल्दाबल्दा विषय समयभित्रै राख्नुपर्नेमा जोड दिँदै महामन्त्री थापाले विपक्षी भनेको राज्य र प्रणालीको नभई सरकारको मात्र भएको बताउनुभयो । उहाँले भन्नुभयो, "लामो अनुभव भएको प्रतिपक्षले त्यो अनुसारको परिपक्व भूमिका निर्वाह गर्नपर्छ, सरकारले पनि त्यसको सम्मान गर्नुपर्छ । उत्तेजनाको राजनीति धेरै लामो टिक्दैन, संयमित हौँ ।"

प्रस्तावित भ्रष्टाचारजन्य कसुरसम्बन्धी विधेयकमा थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा दायर गर्नेलगायत विषयमा थुप्रै संशोधन परेकाले अहिले नै को कतातिर भनी हल्का अभिव्यक्ति नदिन सुझाव दिँदै महामन्त्री थापाले नीतिगत निर्णयका नाममा मन्त्रिपरिषद्बाट हुँदै आएका भ्रष्टाचार रोक्न कानुन तर्जुमा र अख्तियारलाई बलियो बनाउन आवश्यक रहेको बताउनुभयो ।उहाँले भन्नुभयो, "मन्त्रिपरिषद्बाट नीतिगतरुपमा निर्णय गर्ने नाममा भ्रष्टाचार हुँदै आएको छ, त्यसलाई रोक्नुपर्छ । अख्यितयारलाई बलियो बनाउनुपर्छ । संवैधानिक अङ्गमा हुने नियुक्तिको मापदण्ड बनाइनुपर्छ ।"



विधेयकमा हदम्यादसम्बन्धी विषयमा प्रमुख प्रतिपक्ष दलका नेताबाट भएको अभिव्यक्ति परिपक्व नभएको टिप्पणी गर्दै महामन्त्री थापाले विधेयकमाथि संशोधन हाल्ने हामी सबै एकै ठाउँमा रहेको प्रतिक्रिया दिनुभयो ।

सानो ठाउँ वा अवसर प्राप्त गर्नासाथ कसरी फाइदा लिन सकिन्छ भन्ने सोच हटाउन आवश्यक रहेको उल्लेख गर्दै उहाँले सहकारीको रकम हिनामिना प्रकरणमा फैसला आएपछि सबै कुरा स्पष्ट हुने चेतावनी दिनुभयो ।

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता गोकुलप्रसाद बास्कोटाले प्रमुख प्रतिपक्ष दलका जिम्मेवार नेताबाटै सरकारलाई चुनौती, धम्की र विद्रोहको भाषामा अभिव्यक्ति आएको भनी आलोचना गर्नुभयो । उहाँले भन्नुभयो, "महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित विद्युत् महसुल रु २२ अर्ब बक्यौता उठाउने सार्वजनिक लेखा समितिले गर्न लागेको निर्देशन र गरिरहेको प्रयासमा प्रतिपक्षबाट असहयोग भइरहेको छ ।"

वर्तमान सरकारप्रति सारा जनताको आशा र विश्वास रहेको उल्लेख गर्दै सांसद बास्कोटाले सत्ता समीकरण संख्याको हिसाबले पनि स्वाभाविक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "एक पटक ठूलो संख्यामा खरिद नै गर्न नपने ट्रान्समिटर खरिद गरेका कारण उचित भण्डार गर्न नसक्दा खोलाको बाँध बाँध्न प्रयोग भइरहेको देखिएको छ, बक्यौता उठाउने विषयमा देशको कार्यकारीमा रहेका व्यक्तिबाट दोहोरो भूमिका हुनुहुन्न ।"

लेखा समिति प्रतिपक्षले पाउनुपर्छ भनिरहँदा विगतमा राजनीतिक सहमतिका आधारमा भएका अरू पदको पनि लेखाजोखा गर्न आवश्यक रहेको सांसद बास्कोटाको भनाइ थियो । पन्ध्र वर्षभन्दा बढी सरकारमा रहेको शक्तिले सत्ताबाट बाहिर पुग्दा आवेगमा आएर अभिव्यक्ति नदिन प्रतिपक्ष दलका नेताहरुलाई उहाँले आग्रह गर्नुभयो ।

सांसद बास्कोटाले भन्नुभयो, "विद्युत् आयोजना सञ्चालन गर्न विगतमा लाइसेन्स तथा अनुमति दिएका कतिपय वन र निकुञ्जका कारण अन्योलमा परेको छ । विद्युत् प्रयोग गरेको बिल उद्योगीलाई समयमा उपलब्ध नगराएको कुराको जवाफदेहिता लिनुपर्छ । अनावश्यक प्रश्न उठाएर जो कसैलाई पनि हतोत्साही बनाउने काम रोकिनुपर्छ ।"

प्रमुख प्रतिपक्ष दलका नेता देवेन्द्र पौडेलले नेपाल विद्युत् प्राधिकरणलाई विभिन्न उद्योगले तिर्नुपर्ने बक्यौतामध्ये एक सय ७८ वटाले बुझाइसकेको तथा अब ६१ उद्योगले मात्र तिर्न बाँकी रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आजभन्दा आठ वर्षअघि हिउँदमा १८ र बर्सातमा नौ घण्टा विद्युत् कटौती हुने गरेकामा अहिले दैनिक रु १३ करोड ११ लाखको विद्युत् निर्यात गरी 'लोडसेडिङ' अन्त्य गरेको छ । सरकारको ध्यान अलपत्र र अस्तव्यस्त रहेका नेपाल वायुसेवा निगमलगायत संस्थातिर जाओस्, धेरै यात्रु जहाज उडाइको पखाईमा छन् ।"

विभिन्न विश्वविद्यालय, रेडियो नेपाल र आयल निगम सुधार्न सरकारलाई सुझाव दिँदै सांसद पौडेलले राम्रो ढङ्गले सञ्चालन भइरहेको प्राधिरणको व्यवस्थापनमाथि अनावश्यक टीकाटिप्पणी नगर्न चेतावनी दिनुभयो । राजनीतिक परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका आन्दोलनमा सहादत प्राप्त नागरिकलाई सबैले सहिदका रुपमा सम्मान गर्दै आएको प्रसङ्ग उल्लेख गर्दै उहाँले १० वर्षे माओवादी जनयुद्ध अन्त्यका लागि भएका सम्झौता, अन्तरिम संविधानमा हिंसा भन्ने शब्द उल्लेख नभए पनि जिम्मेवार राजनीतिक दलका नेताहरुबाट त्यस्तो अभिव्यक्ति आउनु ठीक नभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले लखन थापालाई सहिद मानेका छौँ । न्यायका निम्ति लडेका दिलबहादुर रम्तेल, कृष्णसेन इच्छुकको यो व्यवस्था ल्याउन भएको बलिदानी निकै ठूलो छ, यी जनताका छोराछोरी हुन् कि होइन, हिंसा शब्द ख्याल गरेर बोलौँ ।"

विगतका जनयुद्ध, जनआन्दोलनलगायत सबै आन्दोलनप्रति आफ्नो उत्तिकै सम्मान र सलाम रहेको बताउँदै सांसद पौडेलले ती आन्दोलन र सहादतको उपलब्धिका रुपमा अहिलेको सदन बनेको स्पष्ट गर्नुभयो । गौरा पर्व मनाउने सन्दर्भमा टुँडिखेलमा गिरफ्तार भएका युवाले कसैप्रति हातपात नगरेकाले उनीहरुलाई विनासर्त रिहाइ गर्न र मुद्दा नचलाउन सुझाव दिँदै उहाँले जनताले बलिदानी गरेर ल्याएको व्यवस्था उनीहरुले प्रयोग गर्न पाउनुपर्ने धारणा राख्नुभयो ।रासस

# युवा जनशक्तिलाई मुलुकमा टिकाउने गरी काम गर्नुपर्छ : मन्त्री भट्टराई

पाटन । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले युवा जनशक्तिलाई मुलुकमा टिकाउने गरी काम गर्नुपर्ने बताउनुभएको छ ।

नाडा अटोमोवाइल्स एशोसियशन अफ नेपाल, होटल एशोसियशन नेपाल र नेपाल उद्योग परिसङ्घले संयुक्तरूपमा विहिबार ललितपुरमा आयोजना गरेको शिक्षा र रोजगारी सम्बन्धमा राष्ट्रिय गोष्ठीमा मन्त्री भट्टराईले नेपालले अन्तर्राष्ट्रिय श्रम बजारमा पठाउने जनशक्तिको मात्रै विकास गरेकाले शिक्षासँग उद्यमशील र श्रमको समन्वय नहुँदा युवा पलायन हुने समस्या भएको बताउनुभयो ।

"शिक्षा र उद्योग सँगसँगै गएनन भने अब देशको विकास हुनसक्दैन । यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गरी नीति निर्माण गर्न छलफल गरिरहेका छौँ । अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्नसक्ने क्षमता भएका यहाँ योगदान गर्ने जनशक्ति तयार गर्न सकेनौँ, यसमा सरकारको ध्यान गएको छ", उहाँले भन्नुभयो ।

मन्त्री भट्टराईले शिक्षा मन्त्रालयले बनाउने पाठ्यक्रममा ज्ञान, सीप र कलालाई श्रम तथा समाजसँग जोड्ने गरी निर्माण गरिनुपर्ने उल्लेख गर्दै सरकार त्यसतर्फ ध्यान दिएर अगाडि बढेको धारणा राख्नुभयो । उहाँले शिक्षा, उद्योग र श्रम मन्त्रालयबीच सहकार्य र समन्वय गरी काम गर्ने बताउनुभयो । उहाँले व्यावसायिक शिक्षा प्रदान गर्ने अभिप्रायले २०४५ सालमा स्थापित सिटिइभिटीको पुनःसस्थापना गरिनुपर्नेमा जोड दिनुभयो ।

"त्यतिबेलाको आवश्यकता अहिलेको अवस्थासँग समय सान्दर्भिक रहेको देखिँदैन, समय धेरै परिवर्तन भएको छ, नयाँ प्रविधिको विकास भएको छ, अब सिटिइभिटीको पुनःसस्थापना गरिनुपर्छ, यसका लागि संसद्मा विद्येयक प्रस्तुत गर्ने तयारी भएको छ", मन्त्री भट्टराईले भन्नुभयो । उद्यमशीलतासँग विद्यालय तहदेखिको शिक्षालाई जोडन बजेट र नीति तथा कार्यक्रममा पनि समावेश गरिएको उहाँले जानकारी गराउनुभयो ।




सिटिइभिटीका सदस्य सचिव महेश भट्टराईले विश्वलाई उपयोगी हुने व्यावसायिक शिक्षा सिटिइभिटीले काठमाडौँको बालाजु र दोलखाको जिरीमा सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले उद्योगको आवश्यकता अनुसारको जनशक्ति तयार गर्न पाठ्यक्रम विकास गरेर लागू गर्न सकिने बताउनुभयो ।

नाडा अटोमोबाइल्स एशोसियशन अफ नेपालका अध्यक्ष करण चौधरीले कुनै पनि व्यवसाय र संस्था सञ्चालन गर्न जनशक्ति बलियो हुनुपर्ने भन्दै अटोमोबाइल क्षेत्रका धेरै जनशक्ति पलायनको समस्याले धेरै यस क्षेत्रमा चुनौती थपिएको बताउनुभयो । "अटोमोबाइल क्षेत्र परिवर्तनशील छ, विद्युतीय सवारी साधनको बजारीकरण तीव्र रुपमा अगाडि बढ्दै गएको छ, साना-साना काम गनेदेखि कम्पनीको मालिकसम्मलाई रोजगारी दिनसक्ने यस क्षेत्रलाई देशभित्रै दक्षजनशक्ति आवश्यक छ, अटोमोबाइल क्षेत्रका लागि दक्षजनशक्ति सिर्जना गर्नु अत्यन्तै जरुरी छ", उहाँले भन्नुभयो ।

होटल एशोसिएशन अफ नेपाल (हान) का अध्यक्ष विनायक शाहले समर्पण र क्षमता प्रदर्शन गर्न सक्ने दक्ष जनशक्तिको आवश्यकता होटल क्षेत्रमा रहेको बताउनुभयो । उहाँले उद्योग व्यवसायको आवश्यकता अनुसारको दक्ष जनशक्ति तयार गर्न नवीन सोच र नवप्रवर्तनका काममा सहकार्य गर्न सिटिइभिटीलाई आग्रह गर्नुभयो । नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले उद्योग व्यवसायमा आवश्यक सीपयुक्त दक्ष जनशक्तिको परिपूर्ति गर्न तालिम तथा रोजगारमूलक प्रशिक्षण दिएर सीप परीक्षण गरिनुपर्नेमा जोड दिनुभयो ।रासस

**सूचना ! सूचना !! सूचना !!!**

यही मिति २०८१/०५/१५ गते शनिबारका दिन बिहान ८ बजे देखि यस कमिटीका अध्यक्ष श्री सरोज कुमार साह ज्यूको अध्यक्षतामा यस कमिटीको ७६ औं साधारण सभा बस्ने भएको हुँदा उक्त साधारण सभामा आदरणीय सम्पूर्ण कार्य समिति, संस्थापक अध्यक्ष ज्यू, पूर्व तथा निवर्तमान अध्यक्ष ज्यूहरु, पूर्व तथा निवर्तमान वरिष्ठ निर्देशक ज्यूहरु, सम्पूर्ण संरक्षक समितिका सदस्य ज्यूहरु, पूर्व तथा निवर्तमान पदाधिकारीज्यूहरु एवं सम्पूर्ण सदस्यज्यूहरु (साधारण तथा आजीवन) यसै सूचनालाई आधार मानी निम्न मिति, समय र स्थानमा उपस्थित भई ७६ औं साधारण सभालाई सफल तुल्याउन हार्दिक अनुरोध गर्दछु ।

कार्यक्रमः


**मिति : २०८१/०५/१५ गते शनिबार**
**समय : बिहान ८ बजे देखि**
**स्थान : कमिटीको प्राङ्गणमा**

प्रस्तावहरू :

(१) वडा दशैं - २०८१ सम्बन्धमा
(२) विविध

**विजय कुमार साह** महासचिव एवं **सरोज कुमार साह** अध्यक्ष

**श्री राम युवा कमिटी परिवार**
जनकपुरधाम, धनुषा



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# निजी स्वार्थमा संगठन धरापमा

नेपालमा राजनीतिक रुपमा चर्चामा रहने र कतिपय बेला सत्ता समीकरणमा निर्णायक भूमिका निर्वाह गर्ने दुईवटा दल जनता समाजवादी पार्टी(जसपा) नेपाल र नेकपा एकीकृत समाजवादीमा पदाधिकारी चयन गरिएको छ । जसपा नेपालको विधानमा लोकतान्त्रिक पद्धतिलाई अनुशरण गरिए पनि व्यवहारमा अध्यक्ष उपेन्द्र यादवको बोली नै निर्णय बन्ने गरेको छ । एकै जस्तो देखिने नेकपा एसमा भने फरक किसिमले लोकतान्त्रिक अभ्यास गरिएको छ । जसपा नेपालमा अध्यक्ष यादवले आफ्नो इच्छानुसार पदाधिकारीको चयन गरेका छन् । तर नेकपा एसमा पदाधिकारी चयन गर्न चुनावी प्रक्रिया अपनाइएको थियो । पार्टीको विधान अनुसार पदाधिकारी मध्ये उपाध्यक्षमा एक जना मधेशीका लागि कोटा छुट्टयाइएको छ । सो कोटामा धर्मनाथ साहले रामचन्द्र झालाई पराजित गरी चुनिएको बाहेक अन्य कुनै पदमा मधेशी नेता चुनिन सकेका छैनन् । सबै मधेशी नेता नराम्ररी पराजित भएका छन् । मधेशमा नै नेकपा एसको राम्रो संगठन मानिन्छ । खासगरी मधेश प्रदेशको धनुषा र सिरहा जिल्लामा नेकपा एस बलियो नै देखिन्छ । तर ती दुई जिल्लाका साह बाहेक कोही चुनावमा जित्न सकेनन् । तर जसपामा अध्यक्ष यादवले जनाधार नभएका र पार्टी विभाजनको धम्की दिइरहने रकम चेम्जोंगलाई सह अध्यक्ष बनाएका छन् । जनाधार नभएका तर कोटाको नाममा दर्जनौं मानिसलाई पदाधिकारी बनाएर मधेशीलाई चरम उपेक्षा गरेका अध्यक्ष यादवले आफ्नो निजी स्वार्थका लागि सयौंको बलिदानी, हजारौँको त्याग र लाखौंको पसिनाले स्थापित जसपा नेपाललाई धरापमा पारेका छन् । पार्टीको अध्यक्ष रहने मात्र नभइ सरकारमा पनि स्वयं जाने, पियनदेखि सचिव सम्मको सरुवा, बढुवा, नियुक्ति आफैले गर्नेलगायतको कारण पार्टीमा तीव्र असन्तुष्टि देखिएको छ । पार्टीमा लगनशील रहेका युवाहरु अवसर नपाएर शिथिल हुन थालेका छन् । कतिपयले पार्टी नै छाड्ने मनस्थिति बनाउन थालेका छन् । हरेक काममा आर्थिक लेनदेन गर्ने अध्यक्ष यादवले पार्टीमा लोकतन्त्रको घाँटी निमोठेर समावेशी, समानुपातिक संघीयताको गफ दिएर मधेशीलाई भ्रमित गर्ने प्रयासमा छन् । अध्यक्ष यादवको व्यक्तिगत स्वार्थको कारण जसपा नेपाल विभाजन भएको हो । जनाधार भएका लोकप्रिय नेताहरुलाई पाखा लगाउने पुरानो प्रवृत्तिलाई अझै उनले त्यागेका छैनन् । निजी स्वार्थ बिना काम नगर्ने यादवले संगठनलाई धरापमा पारेका छन् । लोकतान्त्रिक विधिबाट पदाधिकारी चयन गरिएको भए धेरै नेताले अवसर पाउने थिए । त्यसमा पराजित हुनेहरुले पनि सन्तुष्ट हुन्थे । तर अध्यक्ष यादवले अलोकतान्त्रिक ढंगबाट सबै अधिकार आफूमा राखेर नेताहरुको भविष्य समाप्त गरेका छन् ।

# जलवायुमा जलविद्युतको चिन्ताजनक असर



डा. मुकेशराज काले

तापक्रम वृद्धिसँगै जलवायु परिवर्तनको तीव्र असरले हरित ग्यास उत्सर्जन कम गर्दै लैजान विश्व समुदायमा ठूलो दबाब सिर्जना भएको छ। बढ्दो ऊर्जा मागको सम्बोधनसँगै हरित ग्यास उत्सर्जन कम गर्ने मुख्य उपायका रूपमा जलविद्युत, सौर्य ऊर्जा र वायु ऊर्जा जस्ता नवीकरणीय ऊर्जाको विकासमा जोड दिइएको छ।

विश्वको विद्युत प्रणालीमा नवीकरणीय ऊर्जाको कुल स्रोतमध्ये दुई तिहाइ हिस्सा जलविद्युतको छ। नेपाल, भुटान, पाराग्वे, नर्वे, इथियोपिया लगायत विश्वका एक दर्जनभन्दा बढी मुलुकले आफ्नो आवश्यकताको ७५ प्रतिशतभन्दा बढी विद्युतको हिस्सा जलविद्युत आयोजनाबाट प्राप्त गरेका छन्। आम बुझाइअनुसार न्यून कार्बन उत्सर्जन गने नवीकरणीय ऊर्जाको स्रोत जलविद्युत हो। यो जीवाश्म इन्धनको उत्तम विकल्प हो।

अध्ययनहरूको निष्कर्ष भने केही फरक छ।जलविद्युत आयोजनाबाट उत्पन्न हरित ग्यास उत्सर्जनले जलवायुमा पार्ने असर जीवाश्म इन्धनको तुलनामा अत्यन्त कम हुने परम्परागत बुझाइको विपरीत पछिल्लो निष्कर्ष आएको छ।जलविद्युत आयोजनाले उत्सर्जन गर्ने कार्बन फुटप्रिन्टको विश्लेषण आयोजना विकासअघि र पछिको खुद कार्बन सन्तुलनलाई आधार मानेर गरिन्छ। आयोजना विकासका क्रममा निर्माणअघि कार्बन खपत गने माध्यमका रूपमा रहेको प्राकृतिक स्थल निर्माणपछि कार्बन उत्सर्जन गर्ने स्रोतमा परिणत हुन्छ।

यसबाट त्यस क्षेत्रमा कार्बन उत्सर्जन र खपतको चक्रीय पद्धतिमा नाटकीय परिवर्तन हुन्छ। जैविक वस्तुसँगको अक्सिडेसन प्रक्रियाबाट कार्बन डाइअक्साइड ग्यास उत्पन्न हुन्छ। यसबाट जलाशयको पानीको तल्लो सतहमा अक्सिजनको मात्रा कम हुँदै जान्छ र मिथेन ग्यास उत्सर्जन हुन्छ।जलाशयमा कार्बन डाइअक्साइड र मिथेनको अतिरिक्त नाइट्रस अक्साइड ग्यास पनि उत्सर्जन हुन्छ तर तुलनात्मक रूपमा यसको मात्रा न्यून हुन्छ।

एक अध्ययनअनुसार मिथेन ग्यासले कार्बन डाइअक्साइड भन्दा सय गुणा बढी ताप सञ्चय गर्न सक्छ। मिथेनको प्रभाव वायुमण्डलमा एक दशक मात्र रहन्छ तर कार्बन डाइअक्साइडको अस्तित्व एक शताब्दीसम्म रहन्छ।यसरी मिथेन ग्यासको असर जलवायुमा अल्पकालीन हुन्छ, कार्बन डाइअक्साइडले दीर्घकालीन प्रभाव पार्छ। समग्रमा कार्बन डाइअक्साइड, मिथेन र नाइट्रस अक्साइड हरित ग्यास मानिन्छन्।

सन् २०१६ मा १०४ देशका १४ सय ७३ जलविद्युत आयोजनाबाट भएको हरित ग्यास उत्सर्जनसम्बन्धी महत्त्वपूर्ण एक अध्ययन भएको छ। यी आयोजनाहरूको कुल जडित क्षमता सन् २००९ को आधार वर्षमा विश्व जलविद्युत उत्पादनको ४३ प्रतिशत छ। अध्ययनमा एसियाका २७ प्रतिशत क्षमता बराबरका २४२ वटा, दक्षिण अमेरिकाका २६ प्रतिशत क्षमता बराबरका ७३ वटा, युरोपका १८ प्रतिशत क्षमता बराबरका ५४५ वटा र उत्तर अमेरिकाका ७ प्रतिशत क्षमता बराबरका ३४१ आयोजना समावेश थिए।

यीमध्ये २३ प्रतिशत जलविद्युत आयोजनाहरूले खुद कार्बन डाइअक्साइड खपत गर्ने देखिएको छ। अर्कोतर्फ तीन प्रतिशत आयोजनाको प्रतियुनिट बिजुलीबाट हुने कार्बन उत्सर्जन कोइलाबाट उत्पादित बिजुलीभन्दा बढी र सात प्रतिशत आयोजनाको उक्त सूचकांक प्राकृतिक ग्यासबाट उत्पादित बिजुलीभन्दा बढी देखिन्छ।

जलविद्युत आयोजना र जीवाश्म इन्धनबाट उत्पादित प्रतियुनिट बिजुलीले उत्सर्जन गने हरित ग्यास र यसले जलवायुमा पार्ने प्रभावको तुलनात्मक अध्ययनले अल्पकालीन र दीर्घकालीन आधारमा फरक फरक नतिजा दिएको छ। बीस वर्षको अल्पकालीन अध्ययन गर्दा १५ प्रतिशत जलविद्युत आयोजनाको प्रतियुनिट बिजुलीबाट उत्सर्जन हुने कार्बनले जलवायुमा पार्ने प्रभाव कोइला विद्युतगृहको भन्दा बढी देखिएको छ।

सोही अवधिमा १७ प्रतिशत जलविद्युत आयोजनाबाट उत्सर्जन हुने कार्बनले जलवायुमा पार्ने प्रभाव प्राकृतिक ग्यास विद्युतगृहको भन्दा बढी छ।दुई सय वर्षको दीर्घकालीन अध्ययन गर्दा सात प्रतिशत जलविद्युत आयोजनाले जलवायुमा पार्ने प्रभाव कोइला विद्युतगृहको भन्दा बढी हुँदा १२ प्रतिशत जलविद्युत आयोजनाले जलवायुमा पार्ने प्रभाव प्राकृतिक ग्यास विद्युतगृहको भन्दा बढी देखिएको छ। अर्कोतर्फ, विद्युत उत्पादनको सुरूआती चरणमा ४० र ४४ प्रतिशत जलविद्युत आयोजनाबाट उत्सर्जन हुने कार्बनले जलवायुमा पार्ने प्रभाव कोइला र प्राकृतिक ग्यास विद्युतगृहको १० प्रतिशतभन्दा कम रहेको अध्ययनको निष्कर्ष छ।

सबभन्दा रोचक पक्ष भौगोलिक क्षेत्रअनुसार जलविद्युत आयोजनाले जलवायुमा पार्ने प्रभाव फरक र कतिपय अवस्थामा जीवाश्म इन्धनभन्दा बढी छ।जीवाश्म इन्धनभन्दा बढी जलवायुमा असर गर्ने जलविद्युत आयोजनाको संख्या पश्चिम अफ्रिकामा धेरै छ। पश्चिम अफ्रिकी क्षेत्रमा ८६ प्रतिशत जलविद्युत उत्पादन गर्ने ७१ प्रतिशत आयोजना यस वर्गीकरणमा छन्। यद्यपि विश्व जलविद्युत उत्पादनमा यस क्षेत्रको योगदान एक प्रतिशतभन्दा कम छ।

> **भविष्यमा हुने जलविद्युत आयोजना विकासले जलवायुमा पार्ने असरबारे चासो र चिन्ता स्वाभाविक छ ।तीनवटा नीतिगत परिदृश्यको आधारमा सन् २०४० सम्मका लागि विश्वमा विद्युत उत्पादनको लक्ष्य निर्धारण गरिएको छ ।**

दक्षिण अमेरिकी क्षेत्रका १९ प्रतिशत जलविद्युत आयोजनाले सुरूआती चरणमा जलवायुमा पाने प्रभाव प्राकृतिक ग्यासको भन्दा बढी छ। यी आयोजनाले त्यस क्षेत्रको कुल विद्युत क्षमताको २० प्रतिशत र विश्व जलविद्युत उत्पादनको पाँच प्रतिशत हिस्सा ओगटेको छ। पूर्वी एसिया र पश्चिम युरोपमा जीवाश्म इन्धनभन्दा बढी जलवायुमा असर गर्ने जलविद्युत आयोजनाको संख्या न्यून छ।जलविद्युत आयोजनाबाट उत्पादित प्रतियुनिट विद्युतले प्रतिवर्ष उत्सर्जन गर्ने हरित ग्यासलाई ग्लोबल मेडियन र ग्लोबल भारित औसत सूचकांकको आधारमा विश्लेषण गरिन्छ।

ग्लोबल मेडियन उत्सर्जन सूचकांक ५५ किलोग्राम कार्बनडाइअक्साइड प्रतिमेगावाट घन्टा र ०.४३ किलोग्राम मिथेन प्रतिमेगावाट घन्टा छ। ग्लोबल भारित औसत उत्सर्जन सूचकांक १७० किलोग्राम कार्बन डाइअक्साइड प्रतिमेगावाट घन्टा र तीन किलोग्राम मिथेन प्रतिमेगावाट घन्टा छ। अधिकतम उत्सर्जन ६३ हजार किलोग्राम कार्बन डाइअक्साइड प्रतिमेगावाट घन्टा र पाँच हजार किलोग्राम मिथेन प्रतिमेगावाट घन्टासम्म रहेको देखिन्छ।ग्लोबल मेडियन सूचकांकको आधारमा पश्चिम अफ्रिकी क्षेत्रका १७ वटा जलविद्युत आयोजनाले अल्पकालका लागि जलवायुमा पार्ने प्रभाव प्रतियुनिट उत्पादनका हिसाबले कोइला विद्युतगृहभन्दा तीन गुणा बढी देखिएको छ।यसको मूल कारण मिथेन ग्यास उत्सर्जन हो।

दक्षिण एसियाका ६१ वटा जलविद्युत आयोजनाले अल्पकालका लागि जलवायुमा पार्ने प्रभाव प्रतियुनिट उत्पादनका हिसाबले प्राकृतिक ग्यास विद्युतगृह हाराहारी नै देखिएको छ।पश्चिम युरोपमा अवस्थित ११२ वटा जलविद्युत आयोजनाको ग्लोबल मेडियन उत्सर्जन सूचकांक शून्य बराबर छ। भौगोलिक क्षेत्रअनुसार जलविद्युत आयोजनाले जलवायुमा पार्ने प्रभाव फरक हुने अनेकौं कारण छन्। यीमध्ये जलाशयको क्षेत्रफल र प्रतियुनिट बिजुली उत्पादनको अनुपात, तापक्रम र जलाशयको भूक्षय दर प्रमुख छन्।

भविष्यमा हुने जलविद्युत आयोजना विकासले जलवायुमा पार्ने असरबारे चासो र चिन्ता स्वाभाविक छ।तीनवटा नीतिगत परिदृश्यको आधारमा सन् २०४० सम्मका लागि विश्वमा विद्युत उत्पादनको लक्ष्य निर्धारण गरिएको छ। ती तीन नीति हालको अवस्था, नयाँ र दिगो विकास नीति हुन्।

हाल कायम नीतिगत व्यवस्था अनुसार जलविद्युतको विकास हुँदा सन् २०१५ को उत्पादन क्षमताका आधारमा सन् २०४० सम्म ५३ प्रतिशतले जडित क्षमता वृद्धि हुनेछ। यो वृद्धिसँगै विश्व विद्युत प्रणालीमा जलविद्युतको हिस्सा १४ प्रतिशत र कुल नवीकरणीय ऊर्जामध्ये ४५ प्रतिशत हुनेछ।प्रस्तावित नयाँ नीतिअनुसार विकास भएमा सन् २०१५ लाई आधार वर्ष मान्दा सन् २०४० सम्ममा ५९ प्रतिशतले जडित क्षमता वृद्धि हुनेछ। कुल नवीकरणीय ऊर्जामध्ये जलविद्युतको हिस्सा ४० प्रतिशत पुग्नेछ।

पेरिस सम्झौताद्वारा प्रतिपादित दिगो विकास नीतिअनुसार विकास भएमा सन् २०१५ को क्षमतामा सन् २०४० सम्ममा जलविद्युतको हिस्सा ७८ प्रतिशतले वृद्धि हुनेछ। यसबाट विश्व विद्युत प्रणालीमा यसको हिस्सा १९ प्रतिशत र कुल नवीकरणीय ऊर्जामा ४५ प्रतिशत हुनेछ। नयाँ जलविद्युत आयोजनाको हटस्पटका रूपमा नेपाल, भारत, भुटान चीन, पाकिस्तान अफगानिस्तान, म्यानमार, कंगो लगायतका केही देश छन्।

एक हजारभन्दा बढी प्रस्तावित आयोजना मध्ये एक चौथाइ आयोजना ब्राजिलमा छन्। यी आयोजनाहरूको कुल जडित क्षमता ९० हजार मेगावाट छ।चीनमा एक लाख ६० हजार मेगावाट क्षमताका करिब दुई सय आयोजना प्रस्तावित छन्। कंगोमा ४५ हजार मेगावाट क्षमताका पाँच सय आयोजना निर्माणको तयारीमा छन्। दक्षिणपूर्वी एसियामा प्रस्तावित आयोजनामध्ये सबैभन्दा बढी भारतमा छन्।

भविष्यमा विकास हुने जलविद्युत आयोजनाबाट उत्सर्जन हुने हरित ग्यासले जलवायुमा पार्ने प्रभाव विश्लेषण गर्न जरूरी छ।यसका लागि जलाशयको क्षेत्रफल र प्रतियुनिट विद्युत उत्पादनको अनुपात, जलाशय निर्माणस्थलको अधिकतम तापक्रम, जलाशयको भूक्षय दर तीनवटा सूचकांक महत्त्वपूर्ण छन्। अध्ययन अनुसार पहिलो सूचकांकको सहसम्बन्ध कार्बन डाइअक्साइड उत्सर्जनमा ०.९० र मिथेन उत्सर्जनमा ०.५० देखिन्छ। सानो सहसम्बन्धको अंकले कम हरित ग्यास उत्सर्जन इंगित गर्छ।

पहिलो सूचकांकको आधारमा प्रस्तावित ६ प्रतिशत जलविद्युत आयोजनाको अनुपात दुई वर्गकिलोमिटर प्रतिगिगावाट घन्टा देखिन्छ। यो सूचकांक भएका जलविद्युत आयोजनाहरूले अल्पकालीन र दीर्घकालीन रूपमा जलवायुमा पाने प्रभाव जीवाश्म इन्धनको भन्दा बढी हुन्छ। पाँच प्रतिशत जलविद्युत आयोजनाको उक्त सूचकांक एकदेखि दुईका बीचमा छ। यी आयोजनाहरूले जलवायुमा पार्ने प्रभाव पहिलो ५० वर्षसम्म कोइला विद्युतगृहको भन्दा बढी र दीर्घकालमा प्राकृतिक ग्यास विद्युतगृहको भन्दा बढी हुने देखिन्छ।

आठ प्रतिशत जलविद्युत आयोजनाको उक्त सूचकांक ०.५ देखि एकका बीचमा छ। यी आयोजनाहरूले जलवायुमा पार्ने प्रभाव केही वर्षपछि कोइला र प्राकृतिक ग्यासको भन्दा कम हुने देखिन्छ। प्रस्तावितमध्ये ८१ प्रतिशत आयोजनाको उक्त सूचकांक ०.५ भन्दा कम हुने प्रक्षेपण छ। यी आयोजनाहरू जलवायु अनुकूल र विकासयोग्य मानिएका छन्।

समग्रमा ३९ प्रतिशत आयोजनाको उक्त सूचकांक ०.०१ देखि ०.१ सम्म रहने र ती आयोजनाले उत्सर्जन गर्ने हरित ग्यासको परिमाण जीवाश्म इन्धनको १० प्रतिशतभन्दा कम हुने अनुमान छ।दोस्रो सूचकांक तापक्रम हो। प्रस्तावितमध्ये दुई प्रतिशत नयाँ जलविद्युत आयोजन ४० डिग्री सेल्सियसभन्दा बढी तापक्रम भएका सब-ट्रपिकल क्षेत्रमा छन्। यी आयोजनाहरू मूलतः एसिया र अफ्रिकामा छन्।

यसको आधा हिस्सा भारतमा छ। यी आयोजनाहरूबाट उत्सर्जित हरित ग्यासले जलवायुमा पार्ने प्रभाव कोइला विद्युतगृहभन्दा ५० वर्षसम्म र प्राकृतिक ग्यास विद्युतगृहभन्दा सय वर्षसम्म बढी हुन्छ। प्रस्तावितमध्ये ६ प्रतिशत आयोजना ३५ देखि ४० डिग्री सेल्सियस अधिकतम तापक्रम भएका क्षेत्रमा छन्। यी आयोजनाहरूले जलवायुमा पार्ने प्रभाव सुरूआती चरणमा जीवाश्म इन्धनको हाराहारी र दीर्घकालमा जीवाश्म इन्धनको ३० प्रतिशतभन्दा कम रहने प्रक्षेपण छ।

प्रस्तावितमध्ये ९२ प्रतिशत आयोजना अधिकतम तापक्रम ३५ डिग्री सेल्सियसभन्दा कम भएका क्षेत्रमा छन्। यी आयोजनाहरूले जलवायुमा पार्ने सुरूआती र दीर्घकालीन प्रभाव जीवाश्म इन्धनको क्रमशः ५० प्रतिशत र १० प्रतिशतभन्दा कम हुने अनुमान छ।

तेस्रो सूचकांक जलाशयको भूक्षय दरले जलवायुमा पार्ने प्रभावमा ठूलो भिन्नता नहुने अध्ययनको निष्कर्ष छ।दुई सय टन प्रतिहेक्टर प्रतिवर्षको ठूलो भूक्षयले जलवायुमा पार्ने प्रभाव एक टन प्रतिहेक्टर प्रतिवर्षको सानो भूक्षयले पार्ने प्रभावभन्दा धेरै फरक देखिएको छैन। सबै प्रकारका जलाशयको भूक्षयले जलवायुमा पार्ने असर जीवाश्म इन्धनभन्दा कम हुने देखिन्छ।यसर्थ, जलविद्युत आयोजनाले उत्सर्जन गर्ने हरित ग्यासले जलवायुमा पार्ने प्रतिकूल प्रभाव बेवास्ता गर्न सकिँदैन।

भविष्यमा प्रस्तावित जलविद्युत आयोजनाहरू छनौट गर्दा यसले जलवायुमा पार्ने असर न्यूनीकरण गर्न जलाशयको क्षेत्रफल र उत्पादित विद्युत (गिगावाट घन्टा) को अनुपात दुईभन्दा बढी भएका आयोजना निरूत्साहित गरी उक्त अनुपात एकभन्दा कम भएका आयोजना छनौट गर्नु उपयुक्त हुन्छ।यसअतिरिक्त जलविद्युत आयोजना निर्माण गर्दा अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा कम भएका भौगोलिक क्षेत्र छनौटमा प्राथमिकता दिन आवश्यक छ। यसमा हरित ग्यास उत्सर्जन कम हुन्छ र जलवायुमा पर्ने प्रतिकूल प्रभाव कम हुने अपेक्षा गर्न सकिन्छ।

# ‘नेपाली मोडेल’ मा सरकारका उपलब्धिहरु



सिद्धराज राई

जब देशमा सरकार र राजनीतिक दलप्रति जनस्तरबाट तीव्र आलोचना हुन थाल्छ, तब देशमा ठूला राजनीतिक दलहरुको एकता बलियो बन्दै गएको नेपालको इतिहास साक्षी छ । यस्तो एकताले देशलाई सधैं सही दिशामा डोऱ्याएको छ। जनतामा आशा र भरोसा जागृत हुने गरेको छ । २००७ सालको राणा शासनविरोधी सशस्त्र आन्दोलन, २०४६ सालको पञ्चायतविरुद्धको जनआन्दोलन र २०६२/६३ को दोस्रो जनआन्दोलन ठूला राजनीतिक दलहरुको संयुक्त सहभागितामा सम्पन्न भएको र सफलता प्राप्त भएको कुरा छर्लङ्ग छ । त्यस्तै, नेपालको संविधान २०७२ जारी गर्ने कार्य पनि ठूला राजनीतिक दलहरुको सहकार्यकै आधारमा सम्भव भएको कुरा हामीले बिर्सन मिल्दैन ।

विसं २०७९ मा सम्पन्न संसदीय निर्वाचनमा कुनै पनि दलले एकल बहुमत प्राप्त गर्न नसकेको पृष्ठभूमिमा त्यसपछिका सरकारहरु गठबन्धनका आधारमा सञ्चालित छन् । यसै शृत लास्वरुप गत असार १७ गते नेपालको सत्ता राजनीतिमा पुनः नयाँ गठबन्धनको निर्माण हुने अवस्था बन्यो । नेपालका दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच सत्ता सहकार्यको सहमति भयो । त्यही सहमतिअनुसार एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्नुभएको छ । आवश्यकताका आधारमा संविधान संशोधन र अन्य विविध विषयमा सहकार्य गर्ने सहमतिसहित सत्ता सहकार्य सुरु भएको करिव डेढ महिना भएको छ । सत्ता सहकार्यको यो अवधि कुनै विशेष परिणाम प्राप्तिको मूल्याङ्कन गरिहाल्ने उपयुक्त समय त होइन । तर यस बीचमा भए गरेका केही कार्यले सुखद भविष्यप्रति आशा भने जगाएका छन् । निरासामा पुगिरहेका नागरिकहरुका लागि यो कार्य महत्वपूर्ण छ । सरकार बनेपछि केही सकारात्मक कार्य भएका अनुभूति भने गर्न सकिन्छ ।

वर्तमान सरकारले गरेको एउटा महत्वपूर्ण कामको रुपमा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक सङ्घीय संसद्बाट पारित हुनुलाई मान्न सकिन्छ । धेरै वर्षदेखि छलफलमा रहेको तर नटुङ्गिएको यस विषयमा प्रमुख राजनीतिक दलबीच सहमति जुटाउन सक्नु सरकारको गतिलो उपलब्धि हो । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्बाट पारित भएपछि निकै लामो समयदेखि थाँतीमा रहेको शान्ति प्रक्रिया एउटा तार्किक निष्कर्षमा पुग्ने विश्वास गर्न सकिन्छ । शान्ति स्थापनाको यो प्रक्रिया ‘नेपाली मोडेल’का रुपमा विश्वभरि नै प्रशंसित भएको छ । यो विधेयक पारित भएसँगै विगतमा आफूहरु अन्यायमा परेको अनुभव गरेकालाई न्यायको आशा पलाउने निश्चित छ । शान्ति सम्झौता भएको झन्डै दुई दशकसम्म पनि उक्त ऐनको अभावमा सङ्क्रमणकालीन न्यायले पूर्णता नपाउँदा नेपालप्रति अन्तर्राष्ट्रिय चासो बढेको थियो । आन्तरिक रूपमा पनि तत्कालीन नेकपा माओवादी र सरकारी पक्षबाट भएका जघन्य अपराधका पीडितले न्याय पाउन सकेका छैनन् ।

यो विधेयक पारित भएपछि पीडित परिवार र व्यक्तिले न्याय पाउँछन् भन्ने विश्वास गर्न सकिन्छ । राष्ट्रियसभा र प्रतिनिधिसभाबाट पारित भएको यो विधेयक अब प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष प्रस्तुत हुनेछ । राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि ऐनका रूपमा कार्यान्वयनमा जानेछ । बर्तमान सरकारले सशस्त्र द्वन्द्वमा पीडित परिवार र व्यक्तिलाई थोरै भए पनि आत्मसम्मान दिने कार्य गरेको छ । राजनीतिक सहमति जुट्न नसक्दा अल्मलिएको यो विधेयक पारित गर्न सत्ता साझेदार दल र प्रमुख प्रतिपक्षी दलसँगै संसद्मा रहेका सबै दललाई सहमति गराउन सक्नु सरकारको उपलब्धिका रुपमा लिन सकिन्छ ।

त्यस्तै, विगत तीन वर्षदेखि ओरालो लागेको शेयर बजार उकालो लागेको छ । अर्थात् शेयर बजारमा कारोबार उच्च बन्दै गएको छ । हरेक दिन शेयर बजारले नयाँ कीर्तिमान कायम गर्दै आएको छ । दुईहजार भन्दा तल रहेको शेयर बजार तीन हजार दुई सयको विन्दुमा पुगेको छ । दैनिक अरबौंको कारोबार भएको छ । यो शेयर बजार घटेर निरास भएका लाखौं लगानीकर्ताका लागि खुसीको कुरा हो । उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलको भनाइमा गत आर्थिक वर्षको साउन महिनामा सङ्कलन भएको राजस्वको तुलनामा चालु आर्थिक वर्षको साउन महिनाको राजस्व २० प्रतिशतले बढेको छ । पुँजीगत खर्च गत वर्षको तुलनामा नौ गुणाले बढेको छ । पुँजीगत खर्च बढ्नु भनेको कर्मचारी प्रशासनको मनोवल उच्च हुनु हो ।

यस्तै घरजग्गा कारोबारको क्षेत्रमा पनि उल्लेख्य सुधारका सङ्केतहरु देखिएका छन् । भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार राजस्व ३१.७७ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको साउनमा घरजग्गा कारोबारबाट रु दुई अर्ब ९१ करोड रुपैयाँ राजस्व उठेको थियो । यस वर्षको साउनमा तीन अर्ब ८३ करोड रुपैयाँ राजस्व उठेको विभागले जनाएको छ । आन्तरिक राजस्व बढ्नलाई आर्थतन्त्र चलायमान हुन थालेको सङ्केतका रुपमा लिन सकिन्छ । निश्चय पनि यो सफलता सरकारप्रतिको विश्वास र भरोसाको सूचक हो ।

नेपालको प्रशासनिक इतिहासमा लिलादेवी गडतौला पहिलो महिला मुख्यसचिव हुनुभएको छ । वर्तमान सरकारले कायममुकायम मुख्यसचिव रहनुभएकी गड्तौलालाई साउन १० गतेको मन्त्रिपरिषद् बैठकबाट मुख्यसचिव नियुक्त गर्ने निर्णय गरेको थियो । यो निर्णय लैङ्गिक समानताको हिसाबले र समग्र नेपाली महिलाप्रतिको सम्मान हो । निजामती प्रशासनमा यो निर्णयले युगान्तकारी अर्थ राख्नेछ । निजामती प्रशासनमा प्रवेश गर्ने हरेक कर्मचारी महिलाको मनोबल उच्च बनाउन र लक्ष्य निर्धारण गर्न गड्तौलालाई मुख्यसचिवमा नियुक्त गर्ने निर्णयले अर्थ राख्दछ । राजनीतिमा महिला सहभागिता बढ्दै जानु र सरकारको यो निर्णयसँगै निजामति प्रशासनमा पनि महिला सहभागिता निर्णायक अवस्थामा पुगेको अनुभूति गर्न सकिन्छ । यस अगाडि नै नेपालमा पहिलो राष्ट्रपति विद्यादेवी भण्डारी, पहिलो सभामुख ओनसरी घर्ती र सर्वोच्च अदालतका प्रधानन्यायाधीस सुशीला कार्की नियुक्त भई अवकाश पाइसक्नुभएको छ । हेर्दा यी काम सामान्य र स्वाभाविकजस्ता लागे पनि नेपालको सामाजिक न्याय र समानताको हिसाबले महत्वपूर्ण उपलब्धिका रुपमा लिन सकिन्छ ।

युवादेखि ज्येष्ठ नागरिकसम्मको रोजाइमा रहेको ‘टिकटक’मा विगतको सरकारले प्रतिबन्ध लगाएको थियो । समाजिक मर्यादामा खलल पुगेको भन्दै विगतमा सरकारले नियमनका नाममा सामाजिक सञ्जालमाथि नियन्त्रणको अभ्यास गरेको स्पष्ट छ । यस्तोमा आम जनताको आवाजलाई सम्बोधन गर्दै सरकारले यही भदौ ५ गतेको मन्त्रिपरिषद्को निर्णयबाट टिकटक सञ्चालन फुकुवा गरेको थियो । आम जनताको अर्थोपार्जनको अवसरसँग समेत जोडिएको यो निर्णयले लाखौं युवाको अनुहारमा उज्यालो छाएको सहजै बोध गर्न सकिन्छ । नौ महिना अगाडिदेखि प्रतिबन्ध लगाइएको टिकटक कम्पनीले नेपाल सरकारको सामाजिक सञ्जाल सञ्चालन निर्देशिकाअनुसार दर्ता हुन सहमति जनाएपछि प्रतिबन्ध फुकुवा गरिएको सरकारले प्रस्ट गरेको छ । टिकटकमा प्रयोग हुने भाषाको नियमनका लागि अधिकारी तोक्ने, नेपालको पर्यटन र ‘डिजिटल’ शिक्षा तथा सुरक्षामा सहयोग गर्नुपर्नेलगायत विषयमा टिकटक सञ्चालकले सहमति जनाएका छन् । साथै, टिकटक सञ्चालक कम्पनी नेपाल सरकारको करको दायरामा समेत आएको छ । यो विषय अझै दूरसञ्चार प्राधिकरणबाट टुङ्गो लाग्न भने बाँकी नै छ ।

यसैगरी, फेसबुक, ह्वाट्एप, इन्स्ट्रग्रामलगायत सामाजिक सञ्जालहरुलाई पनि नेपालको पर्यटन र डिजिटल शिक्षा तथा सुरक्षामा सहयोग गर्नेगरी दर्ता प्रक्रियामा लैजाने निर्णय सरकारले गरेको छ । लाखौं युवाले आम्दानीको स्रोतका रुपमा उपयोग गरिरहेको र राज्यलाई पनि राजस्व सङ्कलनमा उल्लेख्य सहयोग पुग्ने भएकाले सरकारको यस निर्णयलाई धेरैले स्वागत गरेका छन् ।

यी त भए धेरै ठूलो समुदायलाई प्रभाव पार्ने निर्णयहरु । यी निर्णयले नागरिकमा के प्रभाव पार्छ भनेर परिणाम हेर्न बाँकी नै छ । यसका साथै ठूला दलहरुको सत्ता सहकार्यले अन्तर्राष्ट्रिय सम्बन्धमा समेत सुधारको अपेक्षा गरिएको छ । बर्तमान सरकार सबै छिमेकी देशसँग सुमधुर सम्बन्धको पक्षमा रहेको देखिन्छ । सरकार बनेपछि प्रधानमन्त्री र अन्य मन्त्रीहरुको सन्तुलित विचारले छिमेकी देशसँगको सम्बन्ध सुधारको प्रयासमा रहेको बुझ्न सकिन्छ । (लेखक राससका महाप्रबन्धक हुनुहुन्छ)रासस

# कालाबजारी, मूल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्री वितरण नियन्त्रण गर्न निर्देशन : गृहमन्त्री लेखक



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले चाडपर्व लक्षित कृतिम अभाव, कालाबजारी, मूल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्री वितरण नियन्त्रण गर्न निर्देशन दिनुभएको छ ।

चाडपर्व लक्षित सहज आपूर्ति व्यवस्थापन र प्रभावकारी बजार अनुगमनसम्बन्धी विषयमा सरोकारवालासँगको छलफलमा उहाँले यस्तो बताउनुभएको हो । "कृतिम अभाव, कालाबजारी, मूल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्रीवितरण नियन्त्रणका लागि हामी कहाँनिर सहयोगी हुनुसक्छौँ । चाडपर्वको बेलामा दैनिक उपभोग्यका सामग्रीको सहज र सरल पहुँच हुनुपर्‍यो", उहाँले भन्नुभयो ।

यसपालिको चाडपर्वमा तीन-चार कुरामा परिणाम देखिनेगरी काम गर्न गृहमन्त्री लेखकले निर्देशन दिनुभयो । "कृतिम अभाव कुनै हालतमा पनि हुनु भएन । कृतिम अभाव देखाउने कुरा कुनै हालतमा सह्य हुँदैन । त्यसका लागि हेर्ने निकायले हेर्नुपर्‍यो । त्यसमा गृह मन्त्रालयको पूरा सहयोग रहन्छ", उहाँले भन्नुभयो ।

दसैं तिहारका बेला एकै रातमा हुने मूल्यवृद्धिलाई सुक्ष्म ढङ्गले हेरेर नियन्त्रण गर्न गृहमन्त्री लेखकले निर्देशन दिनुभयो । "मूल्य वृद्धिको उचित कारण हुनुपर्‍यो नि ? उही सामान एक दिनअघि एउटा मूल्य छ, अर्को दिन अर्को मूल्य हुन्छ । यो कुरालाई सबैले गम्भीरताका साथ लिएर परिणाम आउनेगरी काम गर्नुपर्‍यो", उहाँले भन्नुभयो, "गुणस्तरहीन खाद्यवस्तुको बिक्री चाडवाडमै बिक्री गरिन्छ । गुणस्तरहीन वस्तु उपभोक्ता कहाँ पुग्ने यही बेला हो । यसलाई कडाइका साथ हेर्न जरुरी छ ।"

सरोकारावाला पक्षमा समन्वय हुँदा परिणाम दिन सकिने भन्दै चाडपर्वपछि बस्ने अर्को बैठकमा त्यसको मूल्याङ्कन हुने गृहमन्त्री लेखकले बताउनुभयो । "गृह मन्त्रालय एकातिर, वाणिज्य मन्त्रालय एकातिर, अनुगमन एकातिर, गणस्तर नापजाँच एकातिर भयो भने राम्रो हुँदैन । एकीकृत रुपमा काम गर्नुपर्‍यो", उहाँले भन्नुभयो, "अहिले छलफल भएका विषयमा कसलाई कहाँनिर सहयोग चाहिन्छ । तमतयार भएर सहयोग दिनुहोस् । परिणाम आउने गरी काम हुनुपर्‍यो । चाडपर्वपछि आजको छलफलमा भएका कुराको मूल्याङ्कनका लागि हामी फेरि बैठक बस्छौँ ।"

छलफलमा गृहसचिव एकनारायण अर्यालले वाणिज्य विभागले सबै सहायक जिल्ला अधिकारीसँग जुम मिटिङ गरेर बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । यसपालि दसैंमा सुपथ पसल बढाइने भन्दै कालोबजारी गर्नेमाथि निर्मम भएर कारबाही गरिने उहाँको भनाइ थियो । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण संरक्षण विभागका महानिर्देशक राजन पौडेलले छलफलमा बजार अनुगमनको अवस्था, बजार अनुगमनको अपेक्षा, अत्यावश्यक दैनिक खाद्य तथा उपभोग्य वस्तुको आपूर्तिबारे जानकारी गराउनुभएको थियो । यस्तै बजार अनुगमनको दोहोरोपना हटाएर सरकारले मूल्य निर्धारणको हक राख्नुपर्नेमा सरोकारवालाको जोड थियो ।रासस

# एमाले सचिवालय : वार्षिक कार्ययोजनामाथि छलफल

काठमाण्डु । नेकपा (एमाले) ले पार्टीको नयाँ वार्षिक कार्ययोजनाको तयार पारेको छ ।



विहिबार ललितपुर, च्यासलस्थिति पार्टी मुख्यालयमा बसेको सचिवालय बैठकले पार्टीको यस आर्थिक वर्षका लागि तयार गरिएको नयाँ वार्षिक कार्ययोजनाको मस्यौदामाथि छलफल सुरु गरिएको एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो । विहिबारको बैठकमा सचिवालय सदस्यले मस्यौदामाथि सुझाव दिनुभयो । उहाँले मस्यौदालाई आगामी बस्ने पोलिटब्युरो बैठकले अन्तिम रुप दिने बताउनुभयो । उहाँका अनुसार पोलिटब्युरो बैठक यही भदौ १८ र १९ गते पोलिटब्युरो बैठक केन्द्रीय कार्यालयमा राखिएको छ ।

"बैठकमा पार्टीको वार्षिक कार्ययोजना मस्यौदा प्रस्तुत गरिएको छ । बैठकमा प्राप्त सुझावलाई समेटर आगामी बस्ने पोलिटब्युरो बैठकबाट अन्तिम रुप दिइने छ", उहाँले भन्नुभयो । कार्ययोजनामा प्रचार कार्यलाई थप प्रभावकारी बनाउने, कमिटीलाई बजेट बनाएर कामलाई अगाडि बढाउने, सदस्यता विस्तार गर्ने, नवीकरणको कामलाई प्रभावकारी बनाइने, बाँकी रहेका जिल्ला र पालिका अधिवेशनलाई व्यवस्थित गर्ने कुरा उल्लेख गरिएका छन् ।

पार्टी प्रवेश र जिम्मेवारीविहीन भएका नेता तथा कार्यकर्तालाई तीन महिनाभित्र जिम्मेवारी दिइने कार्ययोजनामा उल्लेख गरिएको उपमहासचिव ज्ञवालीले बताउनुभयो । हरेक कमिटीले नेता तथा कार्यकर्ताको मूल्याङ्कन गर्ने कुरा समेटिएको छ । कार्ययोजनामा केन्द्रमा एउटा स्थायी रुपमा पार्टी स्कुल र प्रदेश तहमा सात वटा स्थायी स्कुल राख्ने उल्लेख छ । सबै पार्टी सदस्यले वर्षको एकपटक अनिवार्य रुपमा पार्टी स्कुलबाट दीक्षित हुनेगरी ढाँचा तयार गरिएको उहाँले बताउनुभयो ।

बैठकले पार्टी स्थापना ७५ वर्ष पूरा गरेको अवसरमा बाँकी रहेका कुरालाई पनि वार्षिक कार्ययोजनामा समेटिएको छ । पार्टीको इतिहास, आन्दोलनका विभिन्न घटनाको अभिलेख लेख्ने र पुस्तक पार्टीको सेल्टर प्रकाशन गर्नेजस्ता कुरा कार्ययोजनामा समेटिएका छन् । बैठकले पार्टीको आयोजनामा अन्तर्राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको छ । यस्तै बैठकले पार्टीका पूर्वउपाध्यक्ष सुभाषचन्द्र नेम्वाङको प्रथम स्मृतिमा भदौ २६ गते मनाउने निर्णय गरेको छ ।

बैठकले नयाँ सरकार बनेसँग सरकारी र निजी क्षेत्रमा सकारात्मक देखिएको सन्देश गएको उपमहासचिव ज्ञवालीले बताउनुभयो ।

उहाँले लगानीमा व्यावसायिक क्षेत्र आशावादी र भरोसा बढ्दै गएको बताउनुभयो । लामो समयदेखि अल्झिएको सङ्क्रमणकालीन न्याय टुङ्गिने प्रक्रिया रहेको र यसलाई पार्टीले को शेढुङ्गाको रुपमा लिएको उहाँले बताउनुभयो । अहिलेको सरकारले सरकार सञ्चालन र प्रशासनमा आशाको भरोसा बढाएको र सरकारले अझ गतिका साथ काम अगाडि बढाउनुपर्ने बैठकले निष्कर्ष निकालेको उपमहासचिव ज्ञवालीले बताउनुभयो । संसद्मा रहेका दलले सत्ताबाट बाहिरिसँगै आवेशपूर्ण प्रतिक्रिया दिन थालेकोप्रति ध्यानाकर्षण भएको पार्टीले जनाएको छ ।

"मुलुक असहज अवस्थामा रहेको र यसलाई सहज तुल्याउँदै जाने कुरा सबै राजनीतिक दलको जिम्मेवारी रहेको छ", उहाँले भन्नुभयो, "मुलुकको संवेदनशीलबारे गैरजिम्मेवारीपूर्ण अभिव्यक्तिलाई कसैले पनि बढावा दिनहुन्न ।" प्राकृतिक विपत्ति परेर ज्यान गुमाएको श्रद्धाञ्जली व्यक्त गर्नुको साथै घाइतेको शीघ्र स्वास्थ्यको कामना बैठकले गरेको छ । बैठकले विपद् प्रतिकार्यलाई अझ प्रभावकारी बनाउन पनि सरकारको ध्यानाकर्षण गराएको छ । यस्तै बैठकले सडक दुर्घटना र हवाई दुर्घटना भएकोप्रति दुःख व्यक्त गर्दै सरकारले सडक र हवाई दुर्घटना न्यूनीकरणलाई विशेष ध्यान दिन पनि आग्रह गरिएको छ ।रासस

# समाजवादी कार्यदिशा समाजवादी रूपान्तरणको अभियानमा प्रयोग गर्नुपर्छ : अध्यक्ष नेपाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले समाजवादी क्रान्तिको कार्यभार पूरा गर्न क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तलाई समाजवादी रूपान्तरणको अभियानमा प्रयोग गर्नुपने बताउनुभएको छ ।



विहिबार आयोजित कार्यक्रममा पार्टीका नवनिर्वाचित पदाधिकारीलाई बधाई दिँदै अध्यक्ष नेपालले नवनिर्वाचित पदाधिकारी, पोलिटब्युरो कमिटी तथा सिङ्गो केन्द्रीय कमिटीका सदस्यले दृढ र एकताबद्ध भएर महाधिवेशनले पारित गरेको क्रान्तिकारी कार्यदिशा पूरा गर्नुपर्ने बताउनुभयो ।

उहाँले पार्टीको दशौँ राष्ट्रिय महाधिवेशनले सर्वसम्मतले पारित गरेका दस्तावेजले नेपाली विशेषताको समाजवादी कार्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

जनताको आर्थिक तथा सामाजिक रुपान्तरण कायम गर्ने पार्टीको काँधमा ऐतिहासिक अभिभारा आएको बताउँदै अध्यक्ष नेपालले त्यसलाई पूरा गर्नु पार्टीका सबै नेता तथा कार्यकर्ता सङ्कल्पबद्ध, योजनाबद्ध भएर जिम्मेवारी निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा नवनिर्वाचित १८ पदाधिकारी साथै ८४ पोलिटब्युरो सदस्यलाई सपथ गराइएको छ । पार्टी अध्यक्ष नेपालले ती सदस्यलाई सपथ गराउनुभएको हो । पदाधिकारी तथा पोलिटब्युरो सदस्यलाई पूर्णता दिन निर्वाचन गरिएको थियो ।रासस

# ऊर्जामार्फत विपन्न वर्गको जीवनस्तर उकास्न सरकार लागेको छ : ऊर्जामन्त्री खड्का

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मुलुकमा ऊर्जा क्षेत्रको विकासमार्फत गरिब तथा विपन्न वर्गको जीवनस्तर उकास्न सरकार लागेको बताउनुभएको छ ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु शिवाकोटी लगायतले दोलखामा रहेको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको समस्याबारे बुझाएको ज्ञापनपत्र बुझ्दै उहाँले सरकार गरिब र निमुखा जनताको जीवनस्तर उकास्न क्रियाशील रहेको बताउनुभएको हो ।

ऊर्जामन्त्री खड्काले मुलुकको मुख्य आयस्रोतको क्षेत्र ऊर्जा रहेकाले यसको विकासका लागि सरकारले काम गरिरहेको उल्लेख गर्नुभयो । "जनतालाई सम्पन्न नबनाइ मुलुक समृद्ध बन्न सक्दैन, सरकार तल्लो वर्गको जनताको जीवनस्तर उकास्न लागेको छ", उहाँले भन्नुभयो । स्थानीयलाई साथमा लिएर सरकारले विकास निर्माणको कामलाई अगाडि बढाउने उहाँको भनाइ थियो ।भेटमा कांग्रेस केन्द्रीय सदस्य शिवाकोटीले स्थानीय जनतालाई दिइँदै आएको शेयरको लकिङ पिरियड हटाउनुपने, नेपाल विद्युत् प्राधिकरण र अपर तामाकोशी जलविद्युत् आयोजनाबीच असमान विद्युत् खरिद सम्झौतालाई पुनरावलोकन गर्न माग गर्नुभएको छ ।

यस्तै आयोजनाको ड्याम साइटमा पानी चुहिने समस्या रहेकाले मर्मतसम्भार गर्नुपर्ने, हिउँदयाममा सम्झौता भएअनुसारको विद्युत् दिन नसक्दा तिर्दै आएको पेनाल्टीलाई बर्खायाममा पूर्ण क्षमतामा सञ्चालन गरी परिपूर्ति गर्नुपनेमा बिग्रेका मेसिन मर्मत नहुँदा पूर्ण क्षमतामा उत्पादन हुन नसकेको बताइएको छ ।दोलखाका जनताको भाग्य र भविष्यसँग जोडिएको उक्त आयोजनामा सामान चोरी हुँदै गएको भन्दै त्यसको संरक्षण गर्नसमेत माग गरिएको छ । आयोजनामा कार्यरत दोलखाका कर्मचारीलाई तलब भत्तामा गरिएको विभेद अन्त्य गर्नुपर्ने बताइएको छ ।रासस

# यो वर्ष मन्त्रालयको कानुन तथा नीति निर्माण गर्ने वर्ष हुनेछ : मन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले एक वर्षभित्र हुलाकदेखि सञ्चारसँग जोडिएका सबै कानुन बनाउने बताउनुभएको छ ।



राष्ट्रिय समाचार समिति (रासस) सँग विहिबार कुराकानी गर्दै मन्त्री गुरुङले यो वर्षलाई ऐन संशोधन र कानुन निर्माणको वर्षका रुपमा गृहकार्य थालेको जानकारी दिनुभयो । "यो वर्ष मन्त्रालयको कानुन तथा नीति निर्माण गर्ने वर्ष हुनेछ", उहाँले भन्नुभयो, "पुराना ऐनले चलेका सञ्चार नीतिहरू संशोधनमा लगेका छौँ । आवश्यकता परेको खण्डमा नयाँ नीतिहरू पनि बनाउँछौँ ।"

मन्त्री गुरुङका अनुसार बन्दै गरेका कतिपय विधेयक अन्तिम चरणमा पुगेका छन् । सार्वजनिक सेवा प्रसारण विधेयक, २०७९ अन्तिम राष्ट्रियसभाबाट पारित भएर प्रतिनिधिसभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलमा रहेको मन्त्री गुरुङले जानकारी दिनुभयो । सामाजिक सञ्जाललाई मर्यादित, व्यवस्थित, स्वायत्त र स्वतन्त्र बनाउने उद्देश्य राखी बन्दै गरेको सामाजिक सञ्जाल सञ्चालन, प्रयोग र नियमन विधेयक पनि बन्ने क्रममा रहेको उहाँले बताउनुभयो । लामो समयदेखि रोकिएको आमसञ्चार नीति छिट्टै टुङ्गोमा पुग्ने जानकारी दिँदै मन्त्री गुरुङले आम चासो रहेको मिडिया विधेयक पास गर्न भने आफूले हतार नगर्ने स्पष्ट पार्नुभयो । सञ्चारसँग सम्बन्धी विधेयक संवेदनशील भएकाले यसमा सरोकारवालाको साझा मनोभाव समेटेर मात्रै टुङ्गोमा पुर्‍याउने उहाँले जानकारी दिनुभयो ।

अर्थ मन्त्रालयको सुझावअनुसार दूरसञ्चार विधेयक र सूचना प्रविधि (साइबर क्राइम) विधेयक एउटैमा गाभिएको हुँदा तुलनात्मक रुपमा बृहत् बनेको उहाँले सुनाउनुभयो । "यो वर्ष हुलाकदेखि सञ्चारसँग जोडिएका सबै कानुन बनाउँदैछौँ", उहाँले भन्नुभयो ।रासस

# तीन तहका सरकारबीचको समन्वयले गुणस्तरीय शिक्षालाई स्थापित गर्न सकिन्छ : शिक्षा मन्त्री

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले तीनै सरकारबीच समन्वय हुन सकेमा गुणस्तीरय शिक्षालाई स्थापित गर्न सकिने बताउनुभएको छ । विहिबारको प्रतिनिधिसभाको आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयहरूको सन्दर्भमा बोल्दै उहाँले गुणस्तरको सूचकमा धेरै काम गर्न आवश्यक रहेको बताउनुभयो ।



उहाँका अनुसार नर्सिक शिक्षा, शिक्षा आयोगले सिटिइभिटी २०४५ कै कानुनमा आधारित भएर सञ्चालन भइरहेको छ । "यो कानुन एकीकृत गर्न मस्यौदा तयार भएको छ । प्राविधिक शिक्षालाई प्राथमिकता दिने, नर्सिङ शिक्षालाई व्यवस्थित गर्ने तयारी गरिरहेका छौँ," मन्त्री भट्टराइले भन्नुभयो, "मेडिकल शिक्षामा कोटा बढाउने विषयमा छलफल भइरहेको छ ।"

सबै सरकारको लगानीबाट अनिवार्य र निःशुल्क शिक्षा लागू गर्नुपर्ने र नेपालका सबै जिल्लालाई साक्षरता बनाउन गुणस्तरीय शिक्षाको पहुँच आवश्यक रहेको उहाँको भनाइ छ । विद्यार्थीहरूमा पुस्तक नपुगेको विषयमा ध्यानाकर्षण भएको भन्दै उहाँले यस विषयमा जनक शिक्षा तथा पुस्तक वितरकहरूसँग के भएको भन्ने विषयमा बुझ्ने बताउनुभयो । प्रारम्भिक बाल विकासलाई पनि बढुवा दिने, विद्यालय शिक्षा ऐनलाई चाँडो पारित गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

"शिक्षा सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षाबाट प्रधानाध्यापकको नियुक्ति गरिने विषय पनि शिक्षा ऐन संशोधन भएमा सहज हुनेछ," मन्त्री भट्टराईले भन्नुभयो, "विश्वविद्यालयभित्र विभिन्न समस्या छन् । स्वायत्त ढङ्गले सञ्चालन गर्नुपर्छ । शिक्षा आयोगलाई स्वच्छ बनाउन जरुरी रहेको छ । थप दरबन्दीको व्यवस्थापनको माग गर्ने निष्कर्ष निकालेका छौँ ।"उहाँका अनुसार सरकारले करियर काउन्सिल कार्यक्रम यसैबाट सञ्चालनमा आउने छ । सबै तहका सरकारले गम्भीर आत्मसमीक्षा गर्दै सिकाइका लागि थप प्रभावकारी योजना बनाउनुपर्छ ।

विद्यालयमा विभिन्न सुविधाको व्यवस्था, तालिम तथा शिक्षाको गुणस्तरमा सुधार ल्याउन सकेमा मात्रै सामुदायिक विद्यालयहरूमा पनि विद्यार्थीको आकर्षण बढ्दै जाने उहाँको भनाइ छ ।

उहाँले निःशुल्क शिक्षा ऐन लागू गर्नेगरी अगाडि बढेमा विद्यालयको शैक्षिक अवस्थामा सुधार ल्याउन सकिने बताउनुभएको छ । "शिक्षामा लगानी गर्ने निजी क्षेत्रलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा छलफल भइसकेको छ," मन्त्री भट्टराईले भन्नुभयो, "पुरातन शिक्षा प्रणालीले गर्दा समस्या छ, आधारभूत शिक्षामा सुधारको खाँचो छ ।"रासस

# राष्ट्रियसभा : 'सरकारलाई काम गर्न दिनुपर्छ'

काठमाण्डु । राष्ट्रियसभाको विहिबारको बैठकको विशेष समयमा सांसद तुलसाकुमारी दाहालले राष्ट्रिय सहमतिमा बनेको वर्तमान सरकारलाई काम गर्न दिनुपर्ने बताउनुभएको छ ।



"सरकारलाई काम गर्न दिनुपर्छ । सरकार गठन भएको धेरै भएको छैन, निराशा हटाउँदै आशा जगाउने काम हुँदै गएको छ । कहीं कतै काम बिगारे खबरदारी गर्नुपर्छ", उहाँले भन्नुभयो । सांसद दाहालले वर्तमान सरकारले तत्कालीन र दीर्घकालीन योजनाका साथ अगाडि बढ्नुपर्ने बताउनुभयो ।

सांसद जगप्रसाद शर्माले छुवाछूतको अन्त्य अझै पनि हुन नसकेकामा चिन्ता प्रकट गर्नुभयो । उहाँले भन्नुभयो, "केही उपलब्धि भएका छन् । समाजवादी धाराबाट दलित मुक्ति आन्दोलनलाई नयाँ ठाउँमा पुर्‍याउन सकिन्छ । संविधानमा भएको व्यवस्था कार्यन्वायन हुन सकेको छैन । समावेशिता कायम गर्ने काममा पनि आत्मसात् गरेको देखिँदैन । अहिलेको मन्त्रिमण्डल होस् वा राजदूत सिफारिस संविधान अनुकूल हुन सकेको छैन ।"

सांसद कमला पन्तले युवा खुसीका साथ नेपालमा बसेर कामकाज गर्न सक्ने वातावरण बनाउनुपर्ने बताउनुभयो । युवा जनशक्तिलाई राम्रो योजना बनाएर काममा लगायौं भने मुलुकको समृद्धि सम्भव हुने उल्लेख गर्दै उहाँले भन्नुभयो, "हामीले आशा पनि जगाउन सकेनौं, भरोसा पनि दिन सकेनौं ।" सांसद पन्तले यस विषयमा सरकारले संवेदनशील भएर सोचेको छ ? भन्ने प्रश्न गर्दै युवाको जोस र जाँगर मुलुकको समृद्धिका लागि प्रयोग गर्नुपर्ने बताउनुभयो ।

सांसद गोमादेवी तिमिल्सिनाले कुन ठाउँ बसोबासका लागि उपयुक्त छ भनेर परीक्षण गर्नुपर्ने बताउनुभयो । उहाँले सुरक्षित बस्ती निर्माणका लागि विशेष पहल गर्नुपर्नेमा जोड दिनुभयो । सांसद तिमिल्सिनाले दैनिकजसो सवारीसाधन दुर्घटनामा वृद्धि भएको तथ्याङ्क पेस गर्दै लामा दूरीका सवारी साधनमा दुई चालक राख्नैपर्ने बताउनुभयो । विशेष समयममा सांसदहरु पूजा चौधरी, डा अन्जान शाक्य, गङ्गाकुमारी बेलवासे र पदमबहादुर परियारले आ-आफ्नो धारणा राख्नुभएको थियो ।रासस

# फौजदारी अनुसन्धानका लागि टेलिग्रामका मालिकलाई फ्रान्स छाड्नमा रोक




बीबीसी

काठमाण्डु । टेलिग्राम एपका संस्थापक तथा प्रमुख कार्यकारी पावेल डुरोफलाई फ्रान्समा सङ्गठित अपराधको एउटा अनुसन्धानका क्रममा अभियोग चलाइएको छारुसमा जन्मिएका अर्बपतिलाई ५५ लाख अमेरिकी डलरको जमानतमा रिहा गरिएको भए पनि उनले फ्रान्सको भूभाग छाड्न पाउने छैनन्।

फ्रान्सका समेत नागरिक रहेका डुरोप हप्तामा दुई पटक फ्रान्सको प्रहरी चौकीमा हाजिर हुनु पने 'छाउनले सामना गरेका कैयौँ अभियोगमध्ये उक्त एपमा अतिवादी र गैरकानुनी सामग्रीसँग जुझ्न विफल भएको, बाल दुर्व्यवहारका तस्बिरहरूको वितरणसम्बन्धी विषयको अनुपालनसहितका छन्। डुरोफ चार दिनसम्म न्यायिक हिरासतमा रहेका थिए। उनका वकिलले डुरोफमाथि "निरर्थक" आरोप लगाइएको भन्दै टेलिग्रामले युरोपेली डिजिटल नियमहरूलाई पूर्ण रूपमा पालना गरिरहेको बताए।

फ्रान्सका प्रहरीले प्यारिसभन्दा उत्तरमा अवस्थित एक विमानस्थलबाट शनिवार उनलाई टेलिग्रामसँग सम्बन्धित अभियोगलाई कारण देखाएर पक्राउ गरेका थिए। बुधवारको विज्ञप्तिमा प्यारिसस्थित अभियोजनकर्ताहरूले डुरोपलाई विभिन्न फौजदारी आरोपको औपचारिक अनुसन्धानमा ल्याइएको जनाएका छन्। ती यस्ता छन्ः

उक्त अनलाइन प्लेटफर्ममा सङ्गठित गिरोहले अवैध लेनदेन गर्न सक्षम गर्ने गरी रहेको प्रशासनिक जटिलता,अधिकारीहरूसँग संवाद अस्वीकार, सङ्गठित अपराधका रूपमा बालबालिकाको यौनजन्य तस्बिर वितरण अनुपालनको विषय

फ्रान्समा औपचारिकरूपमा अनुसन्धानको दायरामा ल्याइनुलाई दोषी वा छानबिनको नतिजा आइसकेको भन्न मिल्दैन।तर त्यो न्यायाधीशहरूले अनुसन्धान अगाडि बढाउनका लागि पर्याप्त आधार देखेको रूपमा बुझ्न सकिन्छ।

पछिल्ला घटनाक्रमलाई लिएर डुरोपले कुनै सार्वजनिक प्रतिक्रिया दिएका छैनन्। सोसल मिडियाका मालिकलाई उक्त प्लेटफर्म प्रयोगको तरिकालाई लिएर पक्राउ गरिएको यो एउटा अभूतपूर्व घटना हो।जसले अभिव्यक्ति स्वतन्त्रता र जवाफदेहिताबारे अनलाइनमा चर्को बहस निम्त्याएको छाएक्सका मालिक इलोन मस्कले डुरोपको बचाउ गर्दै उनको रिहाइको माग गरेका छन्। उनले 'मोडरेसन' अर्थात् सामग्रीलाई 'मिलाउनु' सेन्सरशिपको लागि "प्रोपागान्डा" हुने तर्क गरेका छन्।

रुस-युक्रेनमा लोकप्रिय एप

टेलिग्राम रुस, युक्रेन र पूर्व सोभियत सङ्घ देशहरूमा विशेष रूपमा लोकप्रिय रहेको छारुस युक्रेनबीच जारी युद्धमा सूचनाको प्रमुख स्रोत रहेको यस एपलाई किएभ र मस्को दुवैतर्फका अधिकारीहरूले व्यापक रूपमा प्रयोग गर्ने गर्छन्।प्रयोगकर्ताको तथ्याङ्क दिन त्यसअघि अस्वीकार गरेका कारण सन् २०१८ मा उक्त एपमाथि रुसमा प्रतिबन्ध लगाइएको थियो।

तर सन् २०२१ मा उक्त प्रतिबन्ध हटाइएको थियो।टेलिग्राम एउटा प्रमुख सामाजिक सञ्जाल हो। फेसबुक, यूट्यूब, ह्वाट्सएप, इन्स्टाग्राम, टिकटक र वीच्याटपछि यसका प्रयोगकर्ता धेरै रहेको ठानिन्छाडुरोफले सन् २०१३ मा टेलिग्राम स्थापना गरेका थिए। उनले आफ्नो सामाजिक सञ्जाल भीकन्ट्याक्टमा रहेका विपक्षीहरूका समूहहरूलाई बन्द गर्ने सरकारको माग कार्यान्वयन गर्न अस्वीकार गर्दै सन् २०१४ मा रुस छाडेका थिए।उनले उक्त प्ल्याटफर्म विक्री गरेका थिए।

यस वर्षभित्र मासिक प्रयोगकर्ताको संख्या एक अर्ब पुऱ्याउने लक्ष्य टेलिग्रामले राखेको छाफोर्ब्सले डुरोफको सम्पत्ति १५.५ अर्ब डलर रहेको आकलन गरेको छ। उनी सन् २०२१ मा फ्रान्सका नागरिक बनेका थिए।सन् २०१७ मा आफू र टेलिग्राम दुवैलाई दुबईमा सारेका उनले यूएईको पनि नागरिकता लिएको फ्रान्सेली सञ्चारमाध्यमहरूले जनाएका छन्।सरकारी सुरक्षा निकायहरूलाई प्रयोगकर्ताका 'इन्क्रिप्टेड' सन्देशहरूमा पहुँच दिन अदालतले दिएको आदेश नमानेको भन्दै रुसले सन् २०१८ बाट उक्त एपमाथि प्रतिबन्ध लगाउन थालेको थियो।तर त्यसले त्यहाँ टेलिग्रामको उपलब्धतामा खासै असर नपारेको रोयटर्सले जनाएको छ।

# रूसद्वारा करिब १०० अमेरिकी नागरिकको प्रवेशमा प्रतिबन्ध

एएनआई

मस्को ।रूसले दुई दर्जनभन्दा बढी पत्रकारसहित ९२ अमेरिकी नागरिकमाथि प्रतिबन्ध लगाएको रूसी विदेश मन्त्रालयले बिहीबार घोषणा गरेको छ ।

'मस्कोलाई रणनीतिक पराजय गराउने' घोषित लक्ष्यका साथ बाइडेन प्रशासनको 'रूसोफोबिक' नीतिको प्रतिक्रियामा प्रतिबन्ध लगाइएको हो,"रूसको राष्ट्रिय समाचार संस्था तासले जनाएको छ । रूसले प्रतिबन्ध लगाएको अमेरिकी नागरिकको सूचीमा अमेरिकी सरकारका सदस्यहरू, प्रजातन्त्र समर्थक कार्यकर्ता, शिक्षाविद् र रूस-युक्रेन द्वन्द्वकाबीच युक्रेनलाई हतियार



आपूर्ति गर्ने रक्षा अनुबन्ध फर्महरू र वित्तीय संस्थाहरूका नेताहरू समावेश रहेका छन् ।

रूसी विदेश मन्त्रालयको विज्ञप्तिअनुसार यो प्रतिबन्धको सुचीमा वाल स्ट्रिट जर्नल, वासिङ्टन पोस्ट र न्युयोर्क टाइम्सका केही पत्रकारको नाम उल्लेख गरिएको छ । प्रतिबन्धित व्यक्तिहरूको सूचीमा 'रूस र रूसी सेनाबारे वासिङ्टनले फैलाएको प्रोपागान्डाको बारेमा झुटो प्रसारमा संलग्न प्रमुख उदार-विश्वव्यापी प्रकाशनहरूका सम्पादकीय कर्मचारी र पत्रकारहरू समावेश छन्," विदेश मन्त्रालयले भनेको छ ।सूचीबद्ध पत्रकारमध्ये वाल स्ट्रिट जर्नल(डब्लुएसजे) का प्रधान सम्पादक एमा टकर पनि रहनुभएको छ ।


सूचीमा रहेका डब्लुएसजेका अन्य १३ जना वर्तमान वा पूर्व कर्मचारीहरूमा सञ्चारमाध्यमका प्रमुख सम्पादक, विश्व समाचार विभागका प्रमुख, यसको किएभ ब्युरो प्रमुख, पूर्व मस्को ब्युरो प्रमुख र यसको सम्पादकीय बोर्डका सदस्य समावेश रहेका छन्। प्रतिबन्ध गरिएका मानिसहरूको सूचीमा न्युयोर्क टाइम्सका पाँचजना पत्रकार, वासिङ्टन पोस्टका चारजना पत्रकार र केलायती पत्रिकाका केही पत्रकारको नाम पनि सूचीकृत छ । अमेरिकी स्पेस कमान्डका कमान्डर स्टिफन ह्वाइटिङ, स्पेस सिस्टम कमान्डका कमान्डर फिलिप ग्यारान्ट र स्पेस पोलिसीका लागि सहायक उप-रक्षामन्त्री जोन प्लम्ब पनि प्रतिबन्धको सूचीमा परेका छन् ।

"अमेरिकी शासक वर्गले रूसमाथि लगाएको प्रतिबन्धको प्रतिक्रियामा रूसले यो प्रवेश प्रतिबन्ध जारी गरेको र रूस विरोधी गतिविधिहरूमा प्रत्यक्ष रूपमा संलग्न व्यक्तिलाई समावेश गरेर यो सूची विस्तार गने ' अभ्यास दृढता र स्थिरताका साथ जारी रहनेछ," रूसी विदेश मन्त्रालयले जारी विज्ञप्तिमा भनिएको छ । यसअघि, अमेरिकाले 'युक्रेनमा क्रेमलिनको अवैध युद्ध' का लागि रूस र बेलारूसमा अमेरिकी उत्पादन र 'अमेरिकी ब्रान्डेड' वस्तुको आपूर्तिलाई प्रतिबन्धित गरेको थियो ।

# बङ्गलादेशमा जमात-ए-इस्लामीमाथिको प्रतिबन्ध फुकुवा

एएफपी

ढाका । बङ्गलादेशको अन्तरिम सरकारले जमात-ए-इस्लामीमाथिको प्रतिबन्ध तत्काल लागु हुनेगरी हटाएको छ । गृह मन्त्रालयले प्रतिबन्ध फुकुवा गर्ने सूचना अगस्ट २८ मा जारी गरेको हो ।सरकारले जमात-ए-इस्लामीको विद्यार्थी सङ्गठन इस्लामिक स्टुडेन्ट्स क्याम्प र यसका अन्य सङ्गठनहरूमाथिको प्रतिबन्ध पनि हटाएको छ ।



सन् २०१३ मा शेख हसिना सरकारको पालामा यी सङ्गठनमाथि प्रतिबन्ध लगाइएको थियो । गत वर्ष बङ्गलादेशको सवो 'च्च अदालतले पनि जमातलाई चुनाव लड्न प्रतिबन्ध लगाएको थियो ।जमात-ए-इस्लामीमाथिको प्रतिबन्ध फुकुवा भएपछि बङ्गलादेशका लागि राजनीतिमा विकल्प खुलेको छ र यसले देशको चुनावमा आफ्नो भूमिका निर्वाह गर्न सक्छ ।जमात-ए-इस्लामी बङ्गलादेशको सबैभन्दा ठूलो इस्लामीक पार्टी हो। यो पार्टीको विद्यार्थी सङ्गठन निकै बलियो छ । यसले देशमा हिंसा र अतिवादलाई बढावा दिएको आरोप लाग्दै आएको छ ।

भारतमा बाबरी मस्जिद विध्वंसपछि बंगलादेशमा हिन्दू विरोधी दंगा भड्काएको आरोप पनि सो पार्टीमाथि लागेको थियो । जमात-ए-इस्लामीको छवि भारत विरोधी रहेको बताउने गरिएको छासन् १९९० मा बङ्गलादेशमा सैनिक शासनको अन्त्यपछि जमात-ए-इस्लामी र यसका नेताहरूलाई युद्ध अपराधको आरोप लगाई मुद्दा चलाइएको थियो । सन् २०१० मा अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरणले पार्टीका आठ नेतालाई युद्ध अपराधमा दोषी ठहर गरेको थियो ।

जमातले पहिलो पटक सन् १९७८ को चुनावमा भाग लिएको थियो । यो पार्टी सन् २००१ मा बेगम खालिदा जियाको नेतृत्वमा बनेको सरकारमा पनि सामेल भएको थियो ।गृह मन्त्रालयले जारी गरेको सूचनामा भनिएको छ, "जमात-ए-इस्लामी बङ्गलादेश, यसको इस्लामिक स्टुडेन्ट शिबिर र सङ्गठनका अन्य सबै सम्बद्ध एकाइविरुद्ध कुनै आतङ्कवादी सम्बन्ध फेला परेको छैन ।""त्यसैले जमात-ए-इस्लामी बङ्गलादेश, इस्लामिक स्टुडेन्ट्स क्याम्प र जमातका अन्य सबै सम्बद्ध इकाइहरू आतङ्कवादी गतिविधिमा संलग्न छैनन् भन्ने सरकारको धारणा छ"

# गुजरातमा मनसुनी बाढीका कारण २८ जनाको मृत्यु

एएफपी

अहमदाबाद । भारतको गुजरात राज्यमा भारी मनसुनी वर्षाले निम्त्याएको बाढीका कारण विगत तीन दिनमा कम्तीमा २८ जनाको मृत्यु भएको छ। मौसम विभागले पश्चिमी तटीय राज्यमा बिहीबार थप भारी वर्षा हुने चेतावनीसमेत दिएको छ।भारी बर्षाका कारण नदीको बहावहरू बढेका छन् भने नदी नजिक बसोबास रहेका ३० हजार भन्दा बढी मानिसहरू घर छोडेर सुरक्षित स्थानमा स्थानान्तरण भएका छन्।

गुजरात सरकारले बुधबार १३ जनाको बाढीमा डुबेर मृत्यु भएको तथा बाँकीको घर वा रूखहरूले पुरिएर मृत्यु भएको जनाएको छ।इन्डियन एक्सप्रेसले राज्यभरी समाचार तयार पार्दासम्म बाढीका कारण ३५ जनाको मृत्यु भएको उल्लेख गरेको छ।स्रोतका अनुसार विपद्बाट करिब एक हजार ८५६ जनालाई उद्धार गरिएको तथा राहत कार्यका लागि सेनाका अधिकारीहरू तैनाथ गरिएको छ।

विपत्का कारण उर्जा तथा बिद्युत सेवा प्रभावित हुँदा करीब एक हजार गाउँहरू बिद्युतविहीन भएको जनाइएको छ। विपद् अधिकारीहरूले सार्वजनिक गरेको तस्बिर तथा भिडियोमा उनीहरूले बाढीमा फसेका मानिसहरूलाई बचाउनका कागि प्रयास गरिरहेको देखाइएको छ।विज्ञहरूले जलवायु परिवर्तनले मौसमको ढाँचा परिवर्तन गर्दा चरम मौसमी दुर्घटनाको सङ्ख्या बढाइरहेको जनाएका छन्।

# ब्राजिलको सर्वोच्च अदालतद्वारा एक्सलाई देशव्यापी रुपमा निलम्बन गर्ने चेतावनी

एएनआई

ब्रासिलिया । ब्राजिलको सर्वोच्च अदालतका न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसले एलोन मस्कलाई २४ घण्टाभित्र आफ्नो सामाजिक सञ्जाल एक्सको तर्फबाट लागि कानुनी प्रतिनिधि नियुक्त गर्न आदेश दिनुभएको छ ।न्यायाधिश मोरोसले मस्कले कानुन व्यवसायी नियुक्त नगरेमा सामाजिक सञ्जाल एक्सलाई देशव्यापी रुपमा निलम्बन गरिने चेतावनी दिनुभएको छ । सर्वोच्च अदालतको आफ्नो आधिकारिक एक्स अकाउन्टमार्फत एलोन मस्कलाई २४ घण्टाभित्र नयाँ कानुनी प्रतिनिधि नियुक्त गर्न समाह्वान जारी गरेको हो ।

" सर्वोच्च अदालतका न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसले बुधबार राति व्यवसायी एवं सामाजिक सञ्जाल एक्सका प्रमुख एलोन मस्कलाई ब्राजिलमा २४ घण्टाभित्र कम्पनीको तर्फबाट नयाँ कानुनी प्रतिनिधि नियुक्त गर्न आदेश दिनुभएको छ", अदालतको आधिकारिक साइटमार्फत जानकारी गराइएको छ ।

"सन् २०२४ अगस्ट १८ मा नै सामाजिक सञ्जालमा अदालतको आधिकारिक पोस्टमार्फत एक्सको तर्फबाट नियुक्त गरिएको कानुन व्यवसायीलाई अदालतमा उपस्थित हुनका लागि समाह्वान जारी गरिएको थियो ।"

सर्वोच्च अदालतले न्यायप्रक्रियामा बाधा पुऱ्याएमा ब्राजिलमा सामाजिक सञ्जाल एक्सको सञ्चालन निलम्बन हुने चेतावनी दिएको छ । मोरेसले न्यायामा बाधा पुर्याएकोसहित अन्य आरोपमा मस्कलाई अनुसन्धानको दायरामा राख्नुभएको छ ।

यस वर्षको सुरुमा ब्राजिलको सर्वोच्च अदालतका न्यायाधीश मोरेसले न्यायाधीश मोरेसले एक्सका विभिन्न खाताबाट दुष्प्रचार फैलाएको आरोप लगाउदै केही खाता बन्द गर्न आदेश दिएपछि विवाद सुरु भएको हो ।तर एक्सका प्रमुख मस्कले ब्राजिलका न्यायाधीशको आदेशलाई चुनौती दिँदै पुराना केही खातामाथिको प्रतिबन्ध हटाउनुभएको थियो ।

# अमेरिकी राष्ट्रपति बाइडेन र चिनियाँ नेता सीबीच वार्ताको तयारी : सुलिभान

एएफपी

बेइजिङ । अमेरिकी राष्ट्रपति जो बाइडेनले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग आगामी केही हप्तामा वार्ता गर्न आतुर रहेको ह्वाइट हाउसका शीर्ष सहयोगी जेक सुलिभानले बताउनुभएको छ ।

सन् २०१६ पछि चीन भ्रमण गर्ने पहिलो अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार सुलिभानले बेइजिङमा तीन दिनसम्म चलेको वार्तापछि सीसँग भेटवार्ता गर्नुभएको छ । अमेरिकी सहयोगी जापान, फिलिपिन्ससँग चीनको सुरक्षासम्बन्धी विवाद बढेका समय सुलिभानले बेइजिङको भ्रमण गर्नुभएको हो ।

बेइजिङको अलङ्कृत 'ग्रेट हल अफ द पिपुल'मा बिहीबार सीसँगको भेटमा उहाँले भन्नुभयो, "राष्ट्रपति बाइडेन आगामी हप्ताहरूमा तपाईंसँग फेरि संवाद गर्न उत्सुक हुनुहुन्छ । उहाँले अगाडी भन्नुभयो, "राष्ट्रपति बाइडेन साउथ चाइना सी क्षेत्रमा देखिएको समस्यालाई जिम्मे



वारीपूर्वक व्यवस्थापन गर्न र यसका कारण प्रतिस्पर्धा द्वन्द्व वा मुठभेड नहोस् भन्नेमा प्रतिबद्ध हुनुहुन्छ । राष्ट्रपति बाइडेनले जहाँ आफुहरूको हित मिल्छ त्यहाँ मिलेर काम गर्न सकियोस् भन्नेमा दृढ हुनुहुन्छ ।

चिनियाँ सरकारी सञ्चारमाध्यमका अनुसार चीन र अमेरिकाबीच वैचारिक भिन्नताका रहेपनि यसलाई वार्ता र छलफलका माध्यमबाट समाधान गर्दै अघि बढ्न सकिनेमा चीन विश्वस्त रहेको भेटमा चिनियाँ राष्ट्रपति सीले सुलिभानसँग बताउनुभएको छ ।"चीन-अमेरिका सम्बन्धको स्थिर, स्वस्थ र दिगो विकासको लक्ष्यप्रति चीनको प्रतिबद्धतामा कुनै परिवर्तन आएको छैन," भेटमा सीले भन्नुभयो।

"हामीलाई विश्वास छ अमेरिका र चीनले मिलेर अघि बढ्नेछन्," चिनियाँ राष्ट्रपति सीलाई उद्धृत गर्दै सुलिभानले भन्नुभयो । बुधबार सुलिभान र उच्च कूटनीतिज्ञ वाङले आफ्ना नेताहरूले आगामी हप्ताहरूमा वार्ता गर्ने योजनाबारे छलफल गरेका थिए।पछिल्लो समय विवादित सामुद्रिक क्षेत्रमा चीनको बढ्दो आक्रामक दृष्टिकोणलाई लिएर उनीहरूबीच तनाव बढेको देखिन्छ ।

# सामाजिक सञ्जालको प्रयोग गरी गैँडाको सिङ बेच्न खोज्ने व्यक्ति पक्राउ



एएफपी

जकार्ता । हात्तीको दाँत र लोपोन्मुख गैँडाको सिङ सामाजिक सञ्जालमार्फत बिक्री गर्न खोज्ने एक व्यक्तिलाई इन्डोनेसियाली प्रशासनले पक्राउ गरेको छ ।

इन्डोनेसियाको वातावरण मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गर्दै पक्राउ परेका व्यक्ति दोषी ठहरिएमा १५ वर्षसम्मको जेल सजाय हुन सक्ने जनाएको छ । इन्डोनेसियामा वन्यजन्तुको अवैध व्यापार व्याप्त रहेको छ ।दक्षिण सुमात्रा प्रहरीले यसै वर्षको सुरुमा फेसबुकमा संरक्षित वन्यजन्तुका केही भाग बिक्रीका लागि प्रस्ताव गरेको पोस्ट देखेपछि अनुसन्धान सुरु गरेको थियो ।दक्षिण सुमात्राको पालेम्बाङमा गैँडाको सिङ र हात्तीको दाँतबाट बनेको पाइप बिक्री गर्ने क्रममा गत साता 'जेडए अर्थात् जा' भनिने ६० वर्षीय एक व्यक्तिलाई पक्राउ गरिएको थियो ।

उनको घरमा थप सात वटा गैँडाको सिङ र चारवटा हात्तीको दाँत फेला परेको प्रहरीले जनाएको छ ।"उनी वन्यजन्तुको व्यापारमा निकै अनुभवी रहेको देखिन्छ," वातावरण मन्त्रालयले भनेको छासन् २०१८ देखि यता उजुङ कुलोन राष्ट्रिय निकुञ्जमा २६ वटा लोपोन्मुख जाभान गैँडा मारेको आशङ्कामा प्रहरीले गत जुनमा चोरी शिकारीको समूहलाई पक्राउ गरेको थियो ।

कुनै समय दक्षिणपूर्वी एसियामा यिनीहरू हजारौँको सङ्ख्यामा थिए तर अनियन्त्रित चोरी सिकारी र तिनीहरूको वासस्थानमाथिको मानव अतिक्रमणले गर्दा धेरै प्रभावित भएका छन् र वातावरण मन्त्रालयले जङ्गलमा करिब ८० वटा मात्र जनावरहरू बाँकी रहेको बताएको छाअन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसिएन) ले सुमात्रान गैँडालाई पनि अति सङ्कटापन्न घोषणा गरेको छ भने ५० भन्दा कम गैँडा बाँकी रहेका छन् ।

> दक्षिण सुमात्रा प्रहरीले यसै वर्षको सुरुमा फेसबुकमा संरक्षित वन्यजन्तुका केही भाग बिक्रीका लागि प्रस्ताव गरेको पोस्ट देखेपछि अनुसन्धान सुरु गरेको थियो ।

# जलवायु परिवर्तनले चक्रवात वृद्धि : अध्ययन

एएफपी

बैङ्कक । जलवायु परिवर्तनले चक्रवात गेमीको हावा र वर्षालाई थप शक्तिशाली बनाएकाले यस वर्षको सुरुमा फिलिपिन्स, ताइवानलगायत मुख्यभूमि चीनमा दर्जनौं मानिसहरूको ज्यान लिएको मौसमविद्हरूले बिहीबार जनाएका छन् । गेमीले गत जुलाईमा फिलिपिन्समा बाढी र पहिरो निम्त्याउँदा कम्तिमा ४० जनाको ज्यान लिई ताइवान र चीनमा अवतरण भएको थियो ।

चीनमा, मौसम प्रणालीका कारण भएको भारी वर्षाले ५० जनाको ज्यान लिनुका साथै तीन लाखलाई



विस्थापित गरेको अधिकारीहरूले बताएका छन् । मौसमी घटनाहरूमा जलवायु परिवर्तनको भूमिकाको मूल्याङ्कन गर्न सहकर्मी-समीक्षा विधि को नेतृत्व गर्ने वर्ल्ड वेदर एट्रिब्युसन (डब्ल्युडब्लुए) ले चक्रवातबाट बढी प्रभावित फिलिपिन्स, ताइवान र चीनको अनुगमन गरेको छ ।डब्ल्युडब्लुएले मानव निर्मित जलवायु परिवर्तनका कारणले हावाको गति सात प्रतिशत वृद्धि भएको तथा वर्षा पनि बढेको निश्कर्ष निकालेको थियो ।

'इम्पेरियल कलेज लन्डन'को 'ग्रान्थम इन्स्टिच्युट-क्लाइमेट चेन्ज एन्ड द इन्भाइरनमेन्ट'का निर्देशक राल्फ तौमीललाई उद्दृत गर्दै अध्ययनले तातो समुद्र र वातावरणले अधिक शक्तिशाली र लामो समयसम्म टिक्ने र घातक चक्रवातलाई जन्म दिइरहेको जनाएको छ । मौसमसम्बन्धी अनुसन्धानकर्ताहरूले इम्पेरियल कलेज लन्डनद्वारा विकसित नयाँ दृष्टिकोणको प्रयोग गरी उष्ण आँधीबेहरीका सम्बनधमा अध्ययन गरिएको थियो ।यो विधिले उष्णकटिबन्धीय चक्रवातलाई पार गर्न कम्प्युटर मोडलिङ प्रयोग गर्दछ ।

एसिया-प्रशान्त क्षेत्रले लामो समयदेखि चक्रवातसँग जुधिरहेको बेला, वैज्ञानिकहरूले ' चक्रवातको अन्तर र गेमीले निम्त्याएको प्रभाव'लाई थप व्याख्या गरेका छन् । वैज्ञानिकहरूले बाढी व्यवस्थापन र लक्षित चेतावनीका लागि आह्वान गर्दै आँधीको सम्भावित प्रभावको बारेमा थप जानकारी प्रदान गरेका छन् ।

# छाब्दीबाराही मन्दिरमा दुई सय परिवारलाई रोजगारी

तनहुँ । जिल्लाको चर्चित छाब्दीबाराही मन्दिरमा मनोकाङ्क्षा पूरा हुने विश्वासका साथ दैनिक भक्तजनको घुइँचो बढ्न थालेको छ। हिन्दू धर्मावलम्बीको आस्थाको धरोहरका रुपमा परिचित यस मन्दिर परिसरमा करिब दुई सय परिवारले स्वरोजगारी अपनाउँदै आएका छन् ।

गत शनिबार मात्र करिब पाँच हजारको सङ्ख्यामा भक्तजन आउने विश्वास गरिएको यस मन्दिरमा अन्य दिन पाँच/सात सय भक्तजन आउने गरेका छाब्दीबाराही विकास कोषका अध्यक्ष थानबहादुर थापाले जानकारी दिनुभयो । उहाँका अनुसार मन्दिर परिसरमा फूल, आले, प्रेम आले, पुष्पा कँडेल, शोभा पन्त, विन्दी आले, बद्री पन्थ, धनबहादुर गुरुङ, सरिता पुलामीलगायत दुई सय जनाले फूल, प्रसाद, खाजा र खानाको व्यापार गर्दै आएका छन् ।

मन्दिर दर्शन गर्न आउने भक्तजनलाई लक्षित गरी होटल सञ्चालन गरेपछि व्यापार पनि सन्तोषजनक रहेको छाब्दीबाराही विकास कोषकी उपाध्यक्षसमेत रहनुभएकी सुनिता पन्थले बताउनुभयो । आफूले होटल सञ्चालन गर्ने र श्रीमान्ले हलुका सवारीसाधनबाट भक्तजनलाई सेवा दिँदै आउनुभएको उहाँले बताउनुभयो । "भक्तजनको सेवामा हामी दुवै जना दैनिक खटिँदै आएका छौँ", पन्थले



पूजाका सामग्री, खाजालगायत व्यापारबाट करिब दुई सय परिवारले रोजगारी पाएका छन् ।

मन्दिर परिसरमा फूलप्रसाद, खाजा र खाना बेचेर आफूहरुको जीविकोपार्जन भइरहेको मन्दिर नजिक व्यापार गर्दै आउनुभएकी व्यास नगरपालिका-१२ की २९ वर्षीया सीता सापकोटाले बताउनुभयो । "शनिबार बिदाको दिन भक्तजनको घुइँचो बढी हुन्छ । प्रायः शनिबार बिहान ३ बजेदेखि दिउँसो १ बजेसम्म व्यापारमा खटिनुपर्छ", उहाँले भन्नुभयो, "मन्दिर परिसरमा सञ्चालित व्यापारबाट दैनिक रु एक हजारदेखि रु एक हजार दुई सयसम्म कमाउन सकिएको छ ।"

श्रीमान् रोजगारीको क्रममा कतारमा भएकाले आफूले फूल र प्रसादको मात्रै व्यापार गर्दै आएको सीताले सुनाउनुभयो । श्रीमान्लाई स्वदेश बोलाएर फूलप्रसादका साथै खाजा र खानाकोसमेत व्यापार गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो । मन्दिरमा आउने भक्तजनको कारण आफूहरुको होटल नियमित सञ्चालन भइरहेको स्थानीय होटल व्यवसायी जानकी कँडेलले बताउनुभयो । पूजा गर्न आउने भक्तजनको घुइँचोले गर्दा आफू र श्रीमान् दैनिक खटिने गरेको उहाँको भनाइ छ ।

"मन्दिरप्रतिको आस्थाको कारण भक्तजनको सङ्ख्या बढ्दै गएकाले आम्दानी पनि प्रशस्तै हुन थालेको छ", कँडेलले भन्नुभयो, "शनिबार बिदा पर्ने भएकाले बाहिरी जिल्लाबाट

> "किंबदन्ती अनुसार विसं १८०० जेठ ८ गते राति छाब्दी परिसरको गोठमा सुस्ताउँदै गरेका कुलुङ गाउँका जहरसिंह आले मगर अघिल्तिर एक बालिका आएर आफूलाई बास बस्न र खान दिन आग्रह गरिन् ।

पनि भक्तजन आउनुहुन्छ । दिउँसो १ बजेसम्म ग्राहकको घुइँचोले बोल्ने फुर्सदसमेत हुँदैन ।"अन्य दिन रु तीन/चार हजारको र शनिबार रु १५/१७ हजारको व्यापार हुने गरेको होटल व्यवसायी कँडेलले जानकारी दिनुभयो । यहाँ विन्दु सेढाइँ, देवी थापा, कृष्णबहादुर भन्नुभयो, "खटाइ अनुसारको दुई चार पैसा आम्दानी पनि भइरहेको छ ।"

छाब्दीबाराही मन्दिरको पर्याप्त प्रचारप्रसार हुन नसक्दा देशका विभिन्न क्षेत्रमा रहेका भक्तजनलाई आकर्षित गर्न नसकिएको मन्दिर विकास कोषका अध्यक्ष थापाले बताउनुभयो । पुरातात्विक सम्पदा संरक्षण हुने गरी मन्दिरको गुरुयोजना बनाउन सके हिन्दू धर्मावलम्बी बढ्ने र स्थानीयको व्यापारको दायरासमेत फराकिलो हुँदै जाने उहाँले उल्लेख गर्नुभयो ।

व्यापारमा संलग्न हुनेहरु करिब ७० प्रतिशत महिला रहेका विकास कोषले जनाएको छ । "मन्दिरको पर्याप्त प्रचारप्रसार गर्न सके यहाँका स्थानीयको आयआर्जनको स्रोत बढ्दै जानुका साथै स्वरोजगारका अवसर थप सिर्जना हुँदै जाने थियो", कोषका अध्यक्ष थापाले भन्नुभयो, "अहिले पनि परम्परागत प्रणालीमा यस क्षेत्रका करिब दुई सय परिवार व्यवसायमा लाग्नुलाई उपलब्धिका रुपमा लिएका छौँ ।"विसं १८०० सयदेखि पूजा गर्न सुरु गरिएको यस मन्दिरमा मनले चिताएको पुग्ने विश्वासका साथ तनहुँका साथै छिमेकी जिल्ला लमजुङ, गोरखा, कास्की र चितवनबाट भक्तजनको घुइँचो लाग्ने गरेको मन्दिर विकास कोषले जनाएको छ ।

"किंबदन्ती अनुसार विसं १८०० जेठ ८ गते राति छाब्दी परिसरको गोठमा सुस्ताउँदै गरेका कुलुङ गाउँका जहरसिंह आले मगर अघिल्तिर एक बालिका आएर आफूलाई बास बस्न र खान दिन आग्रह गरिन् । आफ्नो घर करिब एक घण्टाको दूरीमा कुलुङमा रहेको र गाईभैंसी चराउन आएको आफू गोठमा बसेकाले अन्नपात केही नभएको, बास बस्न दिन नसक्ने भएकाले अन्तै जान बालिकालाई जहरसिंहले आग्रह गरेलगत्तै आफू छाब्दीबाराही देवी भएकाले तल कुण्ड नजिकै शीला भएर बस्ने र आफ्नो दैनिक पूजा गरे मनले चिताएको पूरा हुने बताउँदै ती बालिका अलप भइन् । जहरसिंहले बिहान कुण्ड नजिकै गएर हेरे ।

नभन्दै त्यहाँ अलौकिक स्वरुपमा शिला देखे र त्यसै दिनदेखि सानो खरको छाप्रो बनाइ दैनिक पूजा सुरु गरेका भन्ने जनविश्वास छ", कोषका अध्यक्ष थापाले भन्नुभयो ।

विसं १९३१ मा छाब्दीबाराही दर्शनमा आएका तत्कालीन राजा सुरेन्द्रविक्रम शाहले मन्दिरको नाममा ६१ रोपनी जग्गा दिनुभएको इतिहासकारको भनाइ रहेको अध्यक्ष थापाले जानकारी दिनुभयो ।रासस

# विद्युत् अनियमितले मारमा उद्योगी

गलकोट । पछिल्लो दुई महिनायता बागलुङमा विद्युत् अनियमित भइरहेको छ । नेपाल विद्युत् प्राधिकरणले वितरण गर्दै आएको विद्युत् अनियमित हुँदा यहाँका उद्योगी मारमा परेका छन् ।


पछिल्लो दुई महिनायता शनिबार विद्युत् कटौती भइरहेको छ भने अन्य समयमा पूर्व सूचना नगरी विद्युत् कटौती हुँदा उपभोक्ता र उद्योगी मारमा परेका छन् । पर्वतको मोदीबाट सोझै बागलुङ नगरपालिका-१ रामरेखा स्थितको ३३-११ केभी क्षमताको सवस्टेशनमा ल्याइएको विद्युत्मा पटक-पटक समस्या आउदा विद्युत् कटौती भइरहेको छ ।

विद्युत् कटौतीले बागलुङभित्र रहेका पोलिक्लिनक, ल्याब, फर्निचर, ग्रिल उद्योग, घरेलु उद्योग, वेकरी, होटल, रेष्टुरेन्ट, अफसेट प्रेस, सरकारी तथा गैरसरकारी सस्था, बैंक तथा वित्तीय संस्था लगायतलाई समस्या भएको हो ।

विद्युत् सेवा अनियमित हुँदा रातको समयमा विद्यार्थीलाई अध्ययनमा समेत समस्या भएको छ । बेलाबेलामा विद्युत् आउने जाने गर्नाले विद्युत्बाट चल्ने धेरै सामग्री बिग्रिने गरेका छन् । रामरेखा सवस्टेशनबाट वितरण भइरहेको तित्याङ-सिगानामा क्षमताअनुसारको विद्युत नपुग्दा त्यहाँका फर्निचर लगायत अन्य घरेलु उद्योग बन्द हुने अवस्थामा पुगेका छन् । फर्निचरलाई आवश्यक विद्युत् नै आपूर्ति नभएको र आपूर्ति भइरहेको विद्युत्समेत पटक-पटक कटौती हुँदा दुई महिनादेखि फर्निचर व्यवसाय नै धरासायी बन्न थालेको बागलुङ-८ सिगानाका फर्निचर व्यवसायी राज जिसीले बताउनुभयो ।

"जिल्लाभरमै विद्युत् अनियमित हुँदा हामी जस्ता साना उद्योगीलाई समस्या भएको छ, अहिले रायडाँडा तर्फको प्रशारणलाईनमा तित्याङ र सिगानाको लाइन जोड्न नसक्दा फर्निचरका उपकरणनै चल्न छोडेरको छ", जिसीले भन्नुभयो "विद्युत् कार्यालयले उचित पहलकदमी नलिँदा हामी जस्ता उद्योगी पयालय हुने अवस्था आएको छ, विद्युत् उत्पादन बढे पनि प्रशारण लाइनको क्षमता नबढ्दा उद्योगी तथा उपभोक्ता मारमा परेका छन् ।"

पछिल्लो सयम बागलुङमा विद्युत् आउने जाने गर्दा विद्युतीय उपकरणसमेत बिग्रने समस्या आएको स्थानीय हरि लम्सालले बताउनुभयो । विद्युत् कटौतीले स्वास्थ्य क्षेत्र पनि प्रभावित भएको छ । विद्युत् कटौतीले बिरामीले अनलाइनबाट पाउने सेवा प्रभावित भएको



छ । बिरामीको सबै विवरण अनलाइनमा भएको र विद्युत् कटौतीले लामो समय कुर्नुपर्ने बाध्यता आइलागेको बागलुङका नगर स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले बताउनुभयो ।

बागलुङमा पर्वतको मोदीबाट विद्युत् आपूर्ति हुने गरेको छ । लामो प्रशारणलाइन तथा बर्खामा पहिरो जाने, विद्युतीय पोलमा आउने समस्या जस्ता कारण बागलुङमा विद्युत् अनियमितरुपमा जाने गरेको छ ।

दाना-खुर्कोट सवस्टेशनको विद्युत् ल्याउन नसकिएको र बागलुङमा आएको मोदीको विद्युत्मा दिन प्रतिदिन समस्या आउने गरेको छ । दाना-खुर्कोट सवस्टेशनको विद्युत् बागलुङ ल्याउन ठेक्का भइसकेको छ । नेपाल विद्युत् प्राधिकरण बागलुङले खुर्कोट सवस्टेशनबाटसमेत विद्युत् ल्याउने र वैकल्पिक रुपमा मात्रै मोदीको विद्युत् प्रयोग गर्ने योजना बनाए पनि तत्कालै सम्भावन नभएको बागलुङ वितरण केन्द्रका इन्जिनियर रमेश पौडेलले जानकारी दिनुभयो । विद्युत् कार्यालयले सामुदायिक वनका रुख काट्न नसक्दासमेत विद्युत् आपूर्तिमा समस्या भइरहेको बताउनुभयो ।

बागलुङ र पर्वतको फलेवास क्षेत्रमा आउने लाइन एउटै भएका कारण पर्वतमा आउने समस्याले बागलुङ पनि प्रभावित हुने गरेको पौडेलको भनाइ छ । "पुरानो प्रशारण लाइनमा समस्या देखिएको छ, पर्वतमा समस्या आउँदासमेत बागलुङ पूरै अन्धकार हुन्छ, बागलुङको ज्याडाँडामा समस्या आउँदा अहिले बागलुङ बजारमा विद्युत् काट्नुपर्ने अवस्था छ", इन्जिनीयर पौडेलले भन्नुभयो, "रामरेखा सवस्टेशनको स्तरोन्नतीको काम भइरहेकाले समेत विद्युत् अनियमित भएको हो, आगमी दिनमा विद्युत् कटौती घट्छ, सवस्टेशन स्तरोन्नतीसँगै बागलुङ, गलकोट, कुश्मिसेरालगायतका क्षेत्रको छुट्टाछुट्टै प्रशारण लाइन बनाएपछि समस्या घटेर जानेछ ।"

विद्युत् आपूर्ति अनियमितले उद्योगी तथा व्यवसायीलाई लाखौंको क्षति भए पनि सम्बन्धित निकायले कुनै सुनुवाइ नगरेको उद्योग वाणिज्य सङ्घ बागलुङका अध्यक्ष नरेश कँडेलले जानकारी दिनुभयो । अहिले सामान्य झरी पर्दा र हावा चल्दासमेत दिनभर विद्युत् नआउने समस्या व्याप्त रहेको छ ।रासस

# पोखरामा बजार अनुगमनः खाद्य 'स्टोर्स'लाई रु एक लाख जरिवाना



कास्की । जिल्ला प्रशासन कार्यालय कास्कीले चाडपर्वलक्षित बजार अनुगमनका क्रममा पोखरा महानगरपालिका-५ मा अवस्थित सगरमाथा एग्रो प्याकेजिङ स्टोरलाई रु एक लाख जरिवाना गराएको छ । उपभोक्ताको स्वास्थ्यमाथि खेलवाड गर्दै सामान बिक्री गरेको पाइएपछि बुधबार कारबाही गरिइएको हो । साथै सो उद्योगबाट म्याद गुज्रिएका र लेवल नभएका रु ५५ हजार आठ सय ९२ मूल्य बराबरका सामान जफत गरी नष्ट गरेको बजार अनुगमन समितिका संयोजक एवं कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।


यसरी म्याद गुज्रिएर जफत गरिएका सामग्रीमा अलैंची १६ केजी, चक्रचिप्स १९ केजी, पिप्ला आठ केजी, मेथीपत्ता चार बट्टा, पास्ता एक केजी, ओखर १६ केजी र अन्य तिललगायत मसला पाँच केजी रहेको छ । यसैगरी स्टोरमा मूल्यसूची नराखी जथाभावी सामान बिक्री वितरण गरेको पाइएपछि सम्पूर्ण कागजातसहित तीन दिनभित्र जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन समितिले निर्देशन दिएको सहायक प्रमुख जिल्ला अधिकारी क्षेत्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "उपभोक्ताले गुनासो गर्नुभएपछि जिल्ला अनुगमन समितिबाट अनुगमन गरेका हौं । सो क्रममा उपभोक्ता संरक्षण ऐनका विपरीतका कुसर गर्नुभएकाले पसल सञ्चालकलाई जरिवाना र अखाद्य सामग्री जफत गरेका छौं ।"

यसैगरी अन्यत्रबाट खुला ल्याई उक्त उद्योगमा प्याकेजिङ गरिएको सोयाविन मस्यौरा प्रयोगशाला परीक्षणका लागि खाद्य नियन्त्रण तथा गुणस्तर कार्यालयमा पठाइएको क्षेत्रीले जानकारी दिनुभयो । सो स्टोरका सञ्चालक भारतको मोतिहारी जिल्ला ढाका गाउँ पञ्चायत-२ स्थायी घर भएका अशोक जैसवाललाई अब आइन्दा उपभोक्तामाथि खेलवाड नगर्न सचेत गराइएको छ ।

बजार अनुगमन टोलीमा नापतौल तथा गुणस्तर कार्यालय पोखराका प्रतिनिधि जनप्रतिनिधि, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रतिनिधि तथा उपभोक्ता मञ्च र सञ्चारकर्मीको सहभागिता रहेको थियो । यसैगरी चाडपर्व नजिकिएसँगै मूल्यवृद्धि, सामानको कृत्रिम अभाव, कालोबजारी र उपभोक्ता हकहितविरुद्धका कार्य हुनसक्ने भन्दै पोखरा महानगरपालिकाले अनुगमनलाई तीव्रता दिएको छ । महानगरले विभिन्न मासु पसल, दूध डेरीहरूमा अनुगमन बढाएको छ ।रासस

# बहुप्रतिष्ठित भेरी पम्पिङ आयोजना निर्माणको ठेक्का चिनियाँ कम्पनीले पायो

कर्णाली । भेरी नदीको पानी लिफ्टिङ प्रविधिबाट सुर्खेत उपत्यकामा भित्र्याउन भेरी पम्पिङ उपआयोजना निर्माणको ठेक्का चिनियाँ कम्पनीले पाएको छ । 'ग्लोबल टेण्डर'मार्फत गरिएको ठेक्कामा सहभागी भएका ११ निर्माण व्यवसायीमध्ये चिनियाँ कम्पनी छनोटमा परेको हो । आयोजना निर्माणका लागि रु तीन अर्ब ५० करोड आठ लाख १५ हजार दुई सय ८० लागतमा उक्त कम्पनीसँग सम्झौता भएको हो ।



खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना वीरेन्द्रनगर परियोजना कार्यान्वयन एकाइ सुर्खेत र झेजियाङ टिम इन्टरनेशनल इकोनोमिक एण्ड टेक्निकल को-अपरेसन निङ्बो चाइना कम्पनी लिमिटेडबीच आयोजना निर्माणका लागि बुधबार सम्झौतापत्रमा हस्ताक्षर भएको हो । एकाइका तर्फबाट प्रमुख सञ्जीवकुमार साह र कम्पनी लिमिटेडका तर्फबाट आधिकारिक प्रतितिनिध सुशीलकुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको हो ।

उक्त कार्यक्रममा वीरेन्द्रनगर नगरपालिका सुर्खेतका नगरप्रमुख मोहनमाया ढकालले सङ्घीयता अभ्यासको पहिलो नमूना आयोजना भेरी पम्पिङ आयोजना भएको बताउनुभयो । उहाँले विश्व बैंकले नेपालको खानेपानीमा लगानी गरेको मेलम्चीपछिको लिफ्टिङ प्रविधिको सबैभन्दा ठूलो र राष्ट्रिय गौरवको आयोजना भएको जिकिर गर्नुभयो ।

उहाँले भन्नुभयो, "सबै क्षेत्र र पक्षलाई एकै ठाउँमा उभिएर यसको निर्माणकार्य सम्पन्न गर्न सहयोग पुर्याउन अपिल गर्छु । भेरी लिफ्टिङ आयोजनाको पहिलो खुड्किलो पार भएको उहाँले तीन तहका सरकारको स्वामित्वमा अगाडि बढेको यो परियोजनालाई सबैको सहयोगबाट निर्धारित समयमा सम्पन्न हुने विश्वास छ ।"

तीन वर्षसम्म पहिलो चरणको काम सक्नेगरी कामको जिम्मा पाएको चिनियाँ कम्पनीले सातवटा निर्माण कम्पनीलाई पछि पार्दै छनोट भएको एकाइ प्रमुख साहले बताउनुभयो । सम्झौताअनुसार निर्माण कम्पनीले पहिलो चरणको काम सम्पन्न गर्नुपर्ने उल्लेख छ ।आयोजना छ पालिकामा लागू हुने भन्दै कार्यान्वयनको सुरुआत वीरेन्द्रनगर नगरपालिकाबाट हुने र यसले प्रतिसेकेण्ड पाँच सय ६० मिलिमिटर पानी आउने बताउनुभयो । सुर्खेत उपत्यका खानेपानी आयोजनाका अध्यक्ष कुलमणि देवकोटाले धेरै लामो प्रतिक्षापछि आयोजनाको काम सुरु हुनुले नयाँ आशा पलाएको भन्दै अबको तीन वर्षभित्र नगरवासीले स्वच्छ पानी पिउन पाउने विश्वास व्यक्त गर्नुभयो ।

आयोजनाको ठेक्का पाएको चिनियाँ कम्पनीका प्रतिनिधि श्रेष्ठले तोकिएकै समयमा अयोजना सम्पन्न हुने प्रतिबद्धता जनाउनुभयो । आयोजनाका लागि ७० प्रतिशत सङ्घीय सरकार, ३० प्रतिशत प्रदेश सरकार, वीरेन्द्रनगर नगरपालिका र उपभोक्ता संस्थाबाट रकम जुटाइनेछ । विश्व बैंकको ऋण सहयोगमा सङ्घीय सरकारको खानेपानी मन्त्रालयले आयोजना निर्माणका लागि वीरेन्द्रनगरलाई रु छ अर्ब अनुदान दिएको हो । जसअन्तर्गत पहिलो चरणमा रु तीन अर्बको काम हुनेछ ।

वीरेन्द्रनगरमा आगामी ३० वर्षसम्म बढ्न सक्ने जनसङ्ख्याको आकलन गरेर खानेपानी आयोजना बनाइएको हो । भेरी नदीमा तयार गरिने इन्टेकबाट सात किमी दूरीमा पम्पिङ गरी वीरेन्द्रनगर-११ मा अवस्थित अमृतडाँडामा पानी ल्याइनेछ ।

त्यहाँ रु ९० लाख लिटरको ट्याङ्की निर्माण गरिनेछ ।पहिलो चरणका काममा भेरी नदीमा इन्टेक बनाउने, पानी प्रशोधन प्रणाली स्थापना गर्ने, अमृतडाँडामा रिजर्भ ट्याङ्की स्थापना गर्ने, अमृतडाडाँबाट वीरेन्द्रनगरसम्मको मुख्य पानी प्रसारण लाइन विस्तार हुनेछन् । दोस्रो चरणमा वीरेन्द्रनगर उपत्यकामा पर्ने रत्न राजमार्ग र सुर्खेत-जुम्ला सडकको दुवैतर्फ प्रसारण लाइन विस्तार हुँदा रु तीन अर्ब लागत लाग्ने जनाइएको छ ।रासस


**श्री भूमिसुधार तथा मालपोत कार्यालय मलंगवा सर्लाहीवाट प्रकाशित ३५ दिने सूचना**

यसमा जिल्ला सर्लाही गाविस गौरीशंकर वडा नं. ७ श्रीनगर हाल ईश्वरपुर न.पा. वडा नं. १४ बस्ने प्रभु चौधरीको नाती सुन्दर खाँ चौधरीको छोरा नारायण चौधरी थारुले मेरो नाउँको श्रेस्ता जिर्ण भै च्याती गएकोले श्रेस्ता कायम गरी जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि पाउँ भन्ने व्यहोराको माग निवेदन भएको र सोही व्यहोराको ईश्वरपुर न.पा. वडा नं. १४ वडा कार्यालयको च.न. १५६६ मिति २०८१/०३/३० को सिफारिस पत्र उल्लेख भई आएको ।

यसमा निवेदकको माग दावी अनुसारको जग्गाधनी प्रमाण पूर्जालाई श्रेस्ता कायम गर्दा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यी निवेदक बाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु सँग भएको सवुत प्रमाण लिई तपशिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालयमा आउनुहोला । सूचनाको म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएमा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनावाट सवैमा सूचित गरिएको छ ।

**तपशिल**

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| सर्लाही | वल्वासोकनाहा | ७/ङ | ६६ | ०-१५-० |
| सर्लाही | वहेडावेला | ७/ङ | ४६१ | ०-०-१५ |



नेपाल सरकार

**श्री संकट मोचन देव शरण रामराती माध्यमिक विद्यालय**

**जनकपुरधाम-४, धनुषा, नेपाल**

**श्री संकट मोचन दे.रा.मा.वि. जनकपुरधामको बोलपत्र स्वीकृतिको लागि आशयको सूचना**

प्रकाशित मिति २०८१-०५-१४

मिति २०८१/०३/१८ मा जनकपुर टुडे राष्ट्रिय दैनिक तथा www.bolpatra.gov.np मा प्रथम पटक प्रकाशित सूचना नं. ०१/०८०/०८१ र ०२/०८०/०८१ को सूचनामा उल्लेखित अन्तिम म्याद मिति २०८१/०४/१६ गते भित्र पर्न आएका बोलपत्रहरुको (E–submission) को आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (३) को प्रयाजनार्थ बोलपत्र स्विकृतिकको लागि छनौट गर्न आशयको सूचना समबन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT & PS NRs |
|---|---|---|---|---|
| 1. | SMDMV/NCB/ 01/2080-081 | Construction of Academic Building of Shree Sankat Mochan Devsaran Ramrati Secondary School | M/S Rajib Builder Janakpurdham-6, Dhanusha | 6801317.47 (Rs. Six Million Eight Hundred One Thousand Three Hundred Seventeen and Forty-Seven Paisa only) |
| 2. | SMDMV/NCB/ 02/2080-081 | Construction of Second Floor of Administration Building of Shree Sankat Mochan Devsaran Ramrati Secondary School | M/S Mayansh Construction Janakpurdham-1, Dhanusha | 3928596.06 (Rs. Three Million Nine Hundred Twenty Eight Thousand Five Hundred Ninety Six and Six Paisa only) |

प्रधानाध्यापक

# चोरी शिकारीमा संलग्न पूर्व डिआइजीसहित १० जना पक्राउ

**टुडे समाचारदाता**

राजविराज ।
सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका- १ स्थित कोशी ब्यारेज पलार क्षेत्रमा बुधबार मध्यराति चोरी शिकारीमा संलग्न पूर्वडिआइजीसहित १० जनालाई पक्राउ गरेका छन् ।

पक्राउ पर्नेमा प्रहरीका पूर्वडिआइजी, पूर्वउपसभामुखका छोरादेखी बहालवाला सइसम्म छन् । प्रहरीका अनुसार राति २ बजेतिर कोशी ब्यारेज पलार क्षेत्रबाट अवैध रुपमा बँदेल मारेर फर्किदै गर्दा हतियारसहित १० जना पक्राउ गरेका जनाएका छन् ।

पक्राउ परेका सबैलाई इलाका प्रहरी कार्यालय कंचनपुरमा राखी अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक गजुसिद्धि बज्राचार्यले जानकारी दिए ।

पक्राउ पर्नेमा नेपाल प्रहरीका पूर्व डिआइजी सुनसरीको इटहरी उपमहानगरपालिका २ का ६१ वर्षीय ज्ञानविक्रम शाह, पूर्वउपसभामुख सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका जोगिनियाँ निवासी गंगाप्रसाद यादवका ४० वर्षीय छोरा आकाश यादव, नेपाल प्रहरीका बहालवाला सई बिराटनगर उपमहानगरपालिका-३ का ३९ वर्षीय संजय न्यौपाने छन् । सई न्यौपाने हाल मधेश प्रदेशको बर्दिवास प्रहरी कार्यालयमा कार्यरत छन् ।



त्यस्तै हनुमाननगर कंकालिनी नगरपालिकाका जनार्दन राउत, ओमशंकर प्रसैला, लक्ष्मण मंडल, शंकर खिडहरी यादव, तिरहुत गाउँपालिकाका लक्ष्मी मंडल, राजविराज नगरपालिका ७ का रबिन दास र सुनसरीको इटहरी उपमहानगरपालिका २ का प्रदीप लिम्बु पनि पक्राउ परेका छन् ।

उनीहरुको साथबाट २२ क्यालिबरको राइफल एक थान, राइफलको म्याग्जिन २ थान, सोमा प्रयोग हुने गोली १५ थान, बाइनाकुलर ३ थान, ट्राइपोर्टर एक थान, फलामको हथौडा एक थान, खुर्पा एक थान, चोरी शिकारी गरी मारिएको बँदेल लोड गरिएको को.२ त. ६९ नम्बरको ट्रैक्टर तथा प्रदेश-३-०१-०२२ च.६८५५ नम्बरको स्कारपियो बरामद भएको प्रहरीले जनाएको छ ।

बरामद भएका सामग्रीसहित अहिले उनीहरुलाई इलाका प्रहरी कार्यालय कञ्चनपुरमा ल्याइ डिभिजन वन कार्यालय सप्तरीको समन्वयमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

गत वर्ष सोही क्षेत्रबाट प्रहरीले चोरी शिकारीमा संलग्न एक जना चिकित्सकलाई पक्राउ गरी कारवाहीका लागि डिभिजन वन कार्यालय सप्तरीलाई बुझाएको थियो ।

वन्यजन्तु चोरी शिकारी अपराध भएको बुझ्ने हरुबाटै यस्तो क्रियाकलाप हुनु आश्चर्यको विषय रहेको स्थानीयको भनाइ छ ।

# आन्दोलनका लागि नेताहरूलाई जिम्मेवारी बाँडफाँट

**टुडे समाचारदाता**

काठमाण्डु । आम जनता पार्टी (आजपा) ले आन्दोलनका लागि नेताहरूलाई जिम्मेवारी बाँडफाँट गरिएको छ । दुई दिनसम्म काठमाण्डुको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा चलेको बैठकबाट नेताहरूको जिम्मेवारी बाँडफाँट गरिएको छ ।




आजपाले तय गरेको आगामी आन्दोलनलाई थप बलियो, व्यवस्थित बनाउनका लागि बैठकले विभिन्न प्रदेश इन्चार्ज र अध्यक्षको जिम्मेवारी तोकेको अध्यक्ष प्रभु साहले जनाए । उनले कोशी प्रदेशको इन्चार्जमा बिल्टु यादव र अध्यक्षमा जुरीलाल मोचीलाई जिम्मेवारी दिइएको छ । मधेश प्रदेशमा इन्चार्जमा उपेन्द्र साह र अध्यक्षमा उमेश कुशवाहा, बागमतीमा इन्चार्ज ज्ञानेन्द्र तामाङ र अध्यक्षमा रमेश थपलिया, गण्डकी प्रदेशमा इन्चार्जमा तिलक थापामगर र अध्यक्षमा भोजराज त्रिपाठीलाई जिम्मेवारी तोकिएको उनले बताए ।

त्यस्तै लुम्बिनी प्रदेशमा इन्चार्जमा त्रिभुवन साह र अध्यक्षमा नारायण पाण्डेय, कर्णाली प्रदेशमा इन्चार्ज तिलक थापा र अध्यक्षमा सागर पाण्डेय, सुदूरपश्चिम प्रदेशमा इन्चार्ज समिना हुसैन र अध्यक्षमा भीम बुढा क्षेत्री र काठमाडौं उपत्यका विशेष कमिटीको इन्चार्जमा त्रिभुवन साह र अध्यक्षमा देवी पण्डितलाई जिम्मेवारी दिइएको छ ।

त्यस्तै आजपाको विभिन्न महत्वपूर्ण विभागमा समेत जिम्मेवारी तोकिएको छ । सो अनुसार विदेश विभागको इन्चार्जमा त्रिभुवन साह र अध्यक्षमा साजन जयसवाल, स्कुल विभागको इन्चार्जमा तिलक थापा मगर र अध्यक्षमा उदयचन्द्र प्रसाद, प्रचार प्रसार तथा प्रकाशन विभागको इन्चार्जमा चन्द्रभुषण साह र अध्यक्षमा मोहनजंग कार्की, महिला विभागको इन्चार्जमा कान्तिदेवी महतो र अध्यक्षमा सिमल साह, लेखा तथा अर्थ विभागको इन्चार्जमा नारायण श्रेष्ठ र अध्यक्षमा रञ्जु साहलाई जिम्मेवारी दिइएको सो बैठकले तोकेको छ ।

'बैठकबाट पार्टी केन्द्रीय समितिलाई पुनर्गठन गरिएको छ । साथै, प्रदेश लगायतका अन्य कमिटीहरूलाई पनि पुनर्गठन गर्ने, कमिटी गठन नभएका ठाउँहरूमा कमिटी गठन गर्ने तथा जबसहरुको पुनर्गठन र राष्ट्रिय भेला एवं सम्मेलनहरूको आयोजनामार्फत हाम्रा घोषित सङ्घर्ष एवं आन्दोलनका कार्यक्रमहरुको सफलताको आधारलाई थप सुदृढ, मजबूत गर्ने निर्णय गरिएको छ' जारी गरिएको विज्ञप्तिमा उल्लेखे छ ।

आजपाको बैठकबाट सातै प्रदेशमा आउँदो ३ असोजमा संविधानको अन्त्येष्टि यात्रा निकाल्ने निर्णय गरिएको छ ।

दलतन्त्रको विरुद्धमा र शासन सत्तामा आम जनताको सहभागिताका लागि तेस्रो जनआन्दोलनको उद्घोषण गरेका आजपा अध्यक्ष साहले सरकारमा भ्रष्टहरूको बाहुल्यता रहेको भन्दै त्यसलाई रोक्दै आन्दोलनमा जानुको विकल्प नभएको बताए ।

त्यस्तै सो बैठकबाट विश्वस्तरमा फैलिएको आम नेपाली जनतालाई एकताबद्ध गर्न तथा पार्टीको संगठन सञ्जाललाई थप प्रभावकारी एवं विस्तार गर्न प्रवासको जिम्मेवारी समेत नेताहरूलाई तोकेको छ ।

सो अनुसार भारतको इन्चार्जमा विजय यादव, अध्यक्षमा केवी रावत, मलेसियाको इन्चार्जमा उमेश कुशवाहा र अध्यक्षमा जितेन्द्र यादव, खाडी मुलुकको इन्चार्जमा लालबाबु मंसुर र अध्यक्षमा जागेश्वर क्षेत्री, अस्ट्रेलियाको इन्चार्जमा तिलक थापा र अध्यक्षमा ध्रुव गौतम, अमेरिकाको इन्चार्जमा ज्ञानेन्द्र तामाङ र अध्यक्षमा सुलभ कार्कीलाई जिम्मेवारी दिइएको छ ।

# निजगढमा तिलगंगा आँखा अस्पतालको भवन निर्माण अन्तिम चरणमा

**टुडे समाचारदाता**

बारा । बाराको निजगढ नगरपालिकामा तिलगंगा आँखा अस्पतालको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको जनाइएको छ । स्थानीय परियोजना सल्लाहकार समितिले अस्पताल निर्माणको भौतिक प्रगति ९५ प्रतिशत पुगेको र अबको केही दिनमा पूरा गरी आगामी कार्तिक २८ गते उद्घाटन गर्ने तयारीमा रहेको जनाएको छ ।

उद्घाटन भएलगत्तै अस्पतालले नयाँ भवनबाट सेवा सञ्चालन गर्ने जनाइएको छ । निजगढ नगरपालिका- ९ स्थित अस्पताल रोडमा ०७५ बाट सुरु भएको आँखा अस्पताल निर्माणमा अस्ट्रेलियन दातृ संस्था फ्रेड होलोज फाउन्डेसनले करिब १९ करोड रुपैयाँको लगानी लागेको छ ।



यस क्षेत्रकै ठुलो आँखा अस्पतालका रूपमा निर्माण भइरहेको निजगढ तिलगंगा अस्पतालको लागत १७ करोड रुपैयाँ अनुमान गरिएकोमा बढेर १९ करोड रुपैयाँ पुगेको छ ।

पाँच वर्षभित्र सम्पन्न हुने गरी निर्माण सुरु भएको भवन निर्माण निर्धारित समयभन्दा दुई वर्षअघि नै पूरा हुन लागेको छ । आँखाको उपचारका लागि विश्व प्रसिद्ध तिलगंगा आँखा अस्पतालले आँखा उपचारमा सर्वसाधारणको सहज पहुँच विस्तारका लागि निजगढलगायत देशका विभिन्न २० अस्पतालहरूमार्फत आँखा उपचार सेवा प्रदान गर्दै आएको छ ।

निजगढमा भवनको निर्माणकार्य सम्पन्न भएपछि अस्पतालले बहिरंग सेवा, विशेषज्ञ सेवा, विस्तारित सेवा र नियमित शल्यक्रिया सेवा सञ्चालन गर्ने योजना रहेको छ ।

सो समितिका संयोजक निजगढ नगरपालिकाका मेयर सुरथ पुरीको अध्यक्षतामा स्थानीय परियोजना सल्लाहकार समितिको बिहीबार निजगढ नगरपालिका कार्यालयमा बसेको बैठकबाट आगामी पाँच वर्षका लागि नयाँ परियोजना प्रस्ताव गर्ने, स्थानीयलाई उपचारमा सहुलियत प्रदान गर्ने र अस्पताल सञ्चालनमा आएपछि प्रचारप्रसार गर्ने तथा दिगो व्यवस्थापन र सञ्चालन गर्ने गरी काम अगाडि बढाउन केन्द्रीय समितिलाई सुझाव दिने निर्णय गरेको जनाइएको छ ।

तिलगंगा आँखा अस्पतालले हाल निजगढ- ९ स्थित प्राथमिक स्वास्थ्य केन्द्र परिसरमा स्टल राखेर आँखा उपचार सेवा प्रदान गरिरहेको छ ।

सो अस्पतालले समुदाय र विद्यालयस्तरमा आँखासम्बन्धी सचेतनामूलक कार्यक्रम र निःशुल्क उपचार शिविरमार्फत आँखा उपचार सेवा प्रदान गर्दै आएको छ ।

# वीरगञ्ज महानगरको शिक्षक दरबन्दी मिलानको विरोध

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल शिक्षक महासंघ वीरगञ्ज शाखाले महानगरले गरेको शिक्षक दरबन्दी मिलानको सवालमा उठाएका मागहरुप्रति नेपाल शिक्षक महासंघ वीरगञ्ज महानगरपालिकाले विरोध गर्दै पाँच राजनीतिक दलहरुले एक्यबद्धतासमेत जनाएको छ ।

वीरगञ्ज महानगरपालिकाको शिक्षा शाखाले दरबन्दी मिलानको नाममा मनोमानी गर्न थालेको भन्दै नेपाल शिक्षक महासंघ वीरगञ्ज शाखाले विरोध जनाएको छ ।

शिक्षक महासंघ वीरगञ्जले जनाएको विरोधप्रति बिहीबार पाँच राजनीतिक दलहरुले एक प्रेस विज्ञप्ति जारी गर्दै शिक्षकहरुको जायज मागप्रति एक्यबद्धता जनाएका छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, जसपा नेपाल, रास्वपा र जनमत पार्टीका नेतृत्वले संयुक्तरुपमा विज्ञप्ति जारी गर्दै शिक्षक महासंघ वीरगञ्जको मागप्रति समर्थन जनाएको छ ।




सो महानगरको शिक्षा शाखाले गरेको दरबन्दी मिलानका कारण शिक्षकहरुमा भयको वातारण सृजना भएको ठहर गर्दै तत्काल शिक्षकहरुको माग सम्बोधन गर्न पाँच राजनीतिक दलहरुले जारी गरेको विज्ञप्तिमार्फत माग गरेका छन् ।

पाँच दलहरुले जारी गरेको संयुक्त विज्ञप्तिमा भनेका छन्, 'शिक्षकहरुसंग महानगरको शिक्षा शाखाले गरेको विवादले तनावपूर्ण स्थिति बनेको छ, जसका कारण महानगरका सम्पूर्ण विद्यालयहरुमा तनावपूर्ण माहोल बन्दै गएको छ । त्यसकारण यी समस्याको समाधान गर्न सम्बन्धित निकायले तदारुकता देखाउन आग्रह छ ।'

नेपाल शिक्षक महासंघ वीरगञ्जले दरबन्दी मिलानको नाममा गरिएको मनोमानी तत्काल खारेज गर्न माग गरेको छ ।

## विष्णुपुरको गाउँसभा असोज पहिलो सातामा हुने

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बिष्णु गाउँपालिकाले असोज पहिलो सातामा गाउँसभा गने भएको छ ।

प्रमुख प्रशासकीय अधिकृत संजिव सापकोटाले दिएको जानकारी अनुसार



वितेको असार १० गतेमा गाउँसभा र नीति कार्यक्रम पेश गर्ने कार्यक्रम रहे पनि गाउँपालिका अध्यक्ष जवाहरलाल यादवलाई हृदयघात भएपछि स्थगित गरिएको थियो ।

त्यसपछि अध्यक्ष यादवको उपचारका लागि काठमाण्डु स्थित मेडिसिटी अस्पतालमा लगिएको थियो ।

अध्यक्षको स्वस्थ भएपछि असोज महिनाको पहिलो सातामा गाउँसभा गर्ने योजना रहेको उनले बताए ।

# सवारी चोरी गरेको आरोपमा चारजना पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटको ईशनाथ र राजपुर नगरपालिकाबाट मोटरसाइकल र साइकल चोरी गरेको आरोपमो एक जना भारतीयसहित तीनजनालाई प्रहरीले पक्राउ गरेको छ ।

आरोपित चारै जनालाई प्रहरीले सार्वजनिक गरेको छ ।

मोटरसाइकल चोरी गरेको आरोपमा भारतको बिहार मोतिहारी भायाग्राम पञ्चायत १० का २२ वर्षीय कामेश्वर महतोलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

महतोले ईशनाथ नगरपालिका-२ का संजय साहको घरबाट बीआर ०५ बीडी ९६५४ नम्बरको मोटरसाइकल चोरी गरी भारततर्फ लैजाँदै गरेका अवस्थामा पक्राउ परेका छन् । प्रहरीले महतोलाई चोरी सम्बन्धी कसुरमा मुद्दा चलाइ अनुसन्धान थालेको छ ।

त्यस्तै राजपुर नगरपालिकाबाट साइकल चोरी गरेको आरोपमा स्थानीय बिगन सहनी, सुभाष साह र प्रमोद सहनीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक उमाशंकर गुप्ताले जनाए ।

उनीहरुले राजपुर नगरपालिका-९ बैरियास्थित शेखमोर सलिमको घरको कम्पाउण्डबाट दुई वटा साइकल चोरेर लगेको जनाइएको छ । आरोपित तीनैजना मिलेर साइकल चोरेर लैजाँदै गरेको अवस्थामा पक्राउ गरिएको प्रहरी निरिक्षक गुप्ताले बताए ।

# प्रकोपसंग सम्बन्धित संयुक्त उद्धार अभ्यास

**टुडे समाचारदाता**

वीरगञ्ज । सुरक्षानिकाय र रेडक्रसकर्मीले जलउत्पन्न प्रकोप सम्बन्धि संयुक्त उद्धार अभ्यास गरेको छ ।

बाढी र मनसुनजन्य वर्षाका कारण जिल्लामा हुनसक्ने डुबानबाट मानवीय क्षति न्यूनीकरण गर्ने उद्देश्यले बिहीबार वीरगञ्जजस्थित घडिअर्वा पोखरीमा अभ्यास गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साको संयोजकत्वमा भएको कार्यक्रममा नेपाल प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवीहरु सहभागिता रहेको थियो ।

सो अभ्यासपछि समारोहमा बोल्दै पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले पर्सा जिल्ला जलउत्पन्न विपद्को जोखिममा रहेको जिल्ला भएकाले विपद्को समयमा प्रभावकारी उद्धार कार्य सूनिश्चित गर्न गरिएको पूर्वअभ्यास अत्यन्त उपयोगी हुने बताए ।



उनले जिल्लामा बाढी, डुबान, नदी कटान र आगलागीको उच्च जोखिममा रहेको बताए । सो अवसरमा नदीमा फसेका सर्वसाधारणलाई कसरी उद्धार गर्न 'अन्डरवाटर रिभर क्रसिङ' विधिको अभ्यास गरिएको थियो ।

पानीको बहाव धेरै भएको अवस्थामा अग्लो स्थानमा वारिपारि डोरी टागेर हार्नेस, चेस्ट हार्नेस् र पीडितलाई सुरक्षित स्थानमा लैजाने अभ्यास गरिएको जनाइएको छ । त्यस्तै अन्डरवाटर र अप्परवाटर दुवै विधिबाट पार गराउन नसकिने बालक तथा वृद्धवृद्धालाई रबर बोटको सहायताले उद्धार गरिएको थियो । सो क्रममा बोट ड्रिल समेत प्रदर्शनी पनि गरिएको थियो ।

मौसम अनुसार विपद्को दृष्टिले नेपाल विश्वमै ११ औं स्थानमा रहेकाले यस्ता अभ्यासले विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्ने सशस्त्र प्रहरी पर्साका प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक देवेन्द्रबहादुर सिंहले बताए ।

पर्सा समुद्री सतहबाट ५ सय २३ मिटरको औसत उचाइमा रहेको र बर्सेनि वर्षायाममा जिल्लाको पश्चिम क्षेत्रमा डुबान, बाढी तथा कटानबाट धनजनको क्षति हुने गरेकाले यो अभ्यास अत्यन्त उपयोगी हुने उनको भनाइ छ ।

विपद व्यवस्थापनमा सहयोगी बनौं

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विषेश अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्दार, राहत, पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८